नेपाल प्रेस इन्स्टिच्युटको प्रकाशन

राष्ट्रिय सर्वेक्षण प्रतिवेदन

# कोभिड-१९ ले नेपालको पत्रकारितामा पारेको प्रभाव

चिन्दु श्रीधरन्, आइनर थोरसन,
लक्ष्मण उप्रेती र श्रीमन शर्मा



Bournemouth University

संयोजन: नेपाल प्रेस इन्स्टिच्युट
र बोर्नमथ विश्वविद्यालय

**कोभिड–१९ ले नेपालको पत्रकारितामा पारेको प्रभाव**

चिन्दु श्रीधरन्, आइनर थोरसन, लक्ष्मण उप्रेती र श्रीमन शर्मा

प्रथम प्रकाशनः २०२०, नेपाल प्रेस इन्स्टिच्युट, त्रिपुरेश्वर,

छापा संस्करणको लागि सम्मर्कः
लक्ष्मण उप्रेती, फोन नम्बरः ०९७७-१-४२६४१५५/४२६६४१८
इमेलः info@nepalpressinstitute.org.np, institute.npi@gmail.com

सर्वेक्षण तथा अनुसन्धानसम्बन्धी जिज्ञासाका लागि सम्पर्कः

डा. चिन्दु श्रीधरन्, फोन नम्बरः ४४ (०) १२०२ ९५८८३८
इमेलः csreedharan@bournemouth.ac.uk

978-9937-0-7536-7 [print softcover]

978-9937-0-7534-3 [eBook-PDF English]

978-9937-0-7535-0 [eBook-PDF Nepali]

बीआइसी विषय वर्गिकरणः KNT / KNTJ / DNJ / RNR / 1FKN

Impact of COVID-19 on journalism in Nepal CC-BY 4.0 Chindu Sreedharan,
Einar Thorsen, Laxman Upreti, and Shreeman Sharma

आवरण डिजाइनः Quilt 365

साजसज्जाः रबिन सायमी

आवरण फोटोः अंगद ढकाल, कान्तिपुर प्रकाशन, काजल तामाङ, रेडियो नमोबुद्ध

मुद्रणः डिभाइन प्रिन्टिङ प्रेस, काठमाडौं

## विषयसुची

*लेखक*
*कृतज्ञता ज्ञापन*
*प्राक्कथन*

**कार्यकारी शारांस**

**पत्रकारलाई परेको व्यक्तिगत प्रभाव**
मनोवैज्ञानिक
आर्थिक
प्रादेशिक अन्तरः मनोवैज्ञानिक
प्रादेशिक अन्तरः आर्थिक

**कार्यअवस्थामा परेको प्रभाव**
रोजगारी
कार्य अवधि
रोजगारको सुरक्षा
प्रादेशिक अन्तरः रोजगारी
प्रादेशिक अन्तरः कार्यअवधि
प्रादेशिक अन्तरः रोजगारको सुरक्षा

**समाचार संस्थाको प्रतिकार्य**
सामग्री र वितरणमा आएको कमी
सुरक्षाका उपाय
कार्यस्थल सहयोग

**विपत् उत्थानशीलता र क्षमता विकास**
तालिमको अभाव
विपत् तयारीबारे स्वमुल्यांकन
तालिमसम्बन्धी आवश्यकता
तालिमको माध्यम

**कृयाकलापका क्षेत्र**

# लेखक

**डा. चिन्दु श्रीधरन्** संयुक्त अधिराज्यस्थित बर्नमोथ विश्वविद्यालयअन्तर्गत पत्रकारिताका विद्वत प्राचार्य (प्रिन्सिपल एकेडेमिक) हुनुहुन्छ। उहाँको इमेल csreedharan@bournemouth.ac.uk हो।

**प्रा. आइनर थोरसन** बर्नमोथ विश्वविद्यालयअन्तर्गत मिडिया तथा सञ्चार विभागका कार्यकारी डिन हुनुहुन्छ। उहाँको इमेल ethorsen@bournemouth.ac.uk हो।

**लक्ष्मण उप्रेती** प्रसारण पत्रकारिता क्षेत्रका अनुभवी पत्रकार तथा नेपाल प्रेस इन्स्टिच्युटका कार्यकारी निर्देशक हुनुहुन्छ। उहाँको इमेल lupreti@gmail.com हो।

**श्रीमन शर्मा** स्वतन्त्र पत्रकार तथा त्रिभुवन विश्वविद्यायलको द्वन्द्व, शान्ति र विकास विभागअन्तर्गत विद्यावारिधि शोधकर्ता हुनुहुन्छ। उहाँको इमेल bigyansharma@gmail.com हो।

योगदानः **प्याट्रिक वार्ड**

# कृतज्ञता ज्ञापन


नेपालमा रहेका विभिन्न संघसंस्था तथा व्यक्तिहरूको सहयोगबिना यो सर्वेक्षण सम्भव थिएन। हामी निम्न व्यक्ति तथा संघसंस्थाहरूको योगदानको कदर गर्दै कृतज्ञता ज्ञापन गर्दछौं।

नेपाल प्रेस इन्स्टिच्युटः नीलकण्ठ उप्रेती (अध्यक्ष), तीर्थ कोइराला (पूर्व अध्यक्ष), मन्टेश्वरी राजभण्डारी (उपाध्यक्ष), लक्ष्मण हुमागाईँ (महासचिव), निता सापकोटा (कोषाध्यक्ष), र सञ्चालक समिति सदस्यहरू कपिल काफ्ले, मोहन नेपाली र पुष्कर माथेमा। साथै, पुण्य पौडेल (गण्डकी प्रदेश), वीरेन्द्र शर्मा र अमन अन्सारी (क्रमशः क्षेत्रीय सञ्चार स्रोत केन्द्र विराटनगर, प्रदेश १ र नेपालगञ्ज, प्रदेश ५ का व्यवस्थापक)। नेपाल पत्रकार महासंघः गोविन्द आचार्य (अध्यक्ष), हिरण्य जोशी तथा केन्द्रीय कार्यसमिति तथा सम्पूर्ण शाखाका पदाधिकारी।

नितु पण्डित (अध्यक्ष) सञ्चारिका समूह नेपाल।

निर्जना शर्मा, कार्यक्रम संयोजक, युनेस्को, काठमाडौं।

क्रियाशील महिला पत्रकार (डब्लु डब्लु जे) का सदस्यहरू।

विपत् पत्रकारिता सञ्जाल (डिजेएन) का अमिका राजथला र दुर्गा अधिकारी तथा सबै सदस्यहरू।

खोज पत्रकारिता केन्द्र नेपालका शिव गाउँले र आभास्ना पाण्डे।

कान्तिपुर सिटी कलेज काठमाडौंका आभाष राजोपाध्येय।

नेपाल टेलिभिजन, राष्ट्रिय समाचार समिति र रेडियो नेपाल।

र, विशेषगरी नेपालभर कार्यरत पत्रकारहरू जसले हाम्रो पश्नको उत्तर दिन आफ्नो महत्वपूर्ण समय लगाउनुभयो।

# प्राक्कथन

कोभिड – १९ मूलतः जनस्वास्थ्यसंग संबद्ध संकट भए पनि यसको मार अन्य क्षेत्रमाभैंm अभूतपूर्व रूपमा नेपाली पत्रकारिता क्षेत्रमा पनि परेको स्पष्ट छ। मूलतः पत्रकार, तिनको संचार कर्म, तिनबाट हुने सूचना प्रवाह तथा तिनले काम गर्ने संस्थाको निरन्तरतामा यो भाइरसका कारण उत्पन्न परीस्थितिले प्रतिकूल प्रभाव परेको छ। त्यो असरलाई बहस कुराकानीमा मात्र सीमित गर्दा शाब्दिक चित्र त प्रस्तुत हुन्छ, तर त्यसले असरको सही पहिचान हुन अप्ठेरो पर्छ। यसैलाई ध्यानमा राखी नेपाल प्रेस इन्स्टिच्युटले संयुक्त अधिराज्यस्थित बोर्नमथ विश्वविद्यालयसंग सहकार्य गरेर नेपालको पत्रकारितामा कोभिड –१९ को प्रभावसंबन्धी सर्वेक्षण गरेको हो। यो पुस्तक त्यसैको संकलन, व्याख्या, विश्लेषणको प्रस्तुति हो।

र यसका सामग्रीले वास्तबमा कोरोना भाइरसको ताण्डवबीच नेपाली पत्रकारको मनस्थिति, सोच र कार्यअवस्थाको वास्तविक धडकनलाई सार्वजनिक गरेको छ। यसमा सो महामारी भोगेका क्रियाशील नेपाली पत्रकार स्वयंको आवाज, अनुभव, भाव एवं विचार मुखरित छ। यसले सन् २०२० लाग्दा नलाग्दादेखि मानवजाति र मानव समाजमा दुःख दिन थालेको भाइरसले नेपाली पत्रकारितालाई कसरी गांजेको रहेछ भन्ने बुझ्न वस्तुगत आधार रेखा (बेसलाइन) कोरिदिएको छ जसमा टेकेर पत्रकारितालाई भविष्यमा दिगो रूपमा अघि बढाइराख्न, विचलित हुन बाध्य हुनुपर्ने स्थिति हटाउन आवश्यक नीति तथा कार्यक्रम तय गर्न संभव छ।

नेपाली पत्रकारिताका लागि संघर्ष, महामारी, अप्ठेरो, अडचन, बाधा, धम्की वा विचलन वास्तबमा नौलो कुरो होइन। यो त ती सबैसंग र तिनका अनेक रूपसंग विभिन्न कालखण्डमा बेग्लाबेग्लै अवस्थामा सामना गर्दै गतिशील रूपमा अघि बढ्दै आएको हो। निश्चय नै यो महामारी पार गर्ने दृढता, उर्जा र उत्साह पनि यसमा छ।

कोरोना त्रासअघिसम्म र अहिले पनि आमसंचार माध्यमलाई सूचना प्रविधि क्रान्ति र त्यसका कारण संसारमा प्रभावकारी रूपमा झाङ्गिएको अनलाइन सूचना प्रवाह र प्रबर्द्धित सोसल मिडियाका कारण कठोर प्रतिस्पर्द्धा गर्नु परिरहेको हो। द्वारपाल भूमिकासहितको, समय सीमा, शिष्टता सीमा र पत्रकारिताको मूल्य मान्यता र स्तर सहितको आमसंचार माध्यमबाट हुने सूचना प्रवाह र तीविनै अभिव्यक्तिका लागि हुने सूचना प्रवाहको मर्म, अन्तर, विश्वसनीयता र संवेदनशीलता समाजमा सही अर्थमा स्थापित भइनसक्दा अन्योल कायम छ जसबाट आमसंचार माध्यमको परंपरागत अस्तित्व र अभ्यास प्रश्नमा छन्। संचार प्रयोक्ताहरू कुन सही सूचना हो कुन मिथ्या प्रचार हो भन्ने अलमलमा परेको दृश्य र अनुभूति दिनदिनैको यथार्थ हो जसको मार सहन आमसंचार माध्यम विवश छ। यही कथा अहिलेको महामारीका सूचना संचारमा पनि संचार संबद्ध सबैले भोग्नु परेको छर्लङ्ग नै छ।

हो, निदान नै नभएको कोरोना भाइरस र यसका विशेष किसिमका वहुआयामीय प्रतिकूल प्रभावबाट सिर्जित स्थिति भने निश्चय नै नौलो छ अनि वीषाणु फैलिन नदिनका लागि कायम राख्नु पर्ने अनेक प्रावधान –बन्दाबन्दी, सामाजिक (शारीरिक) दूरी, सोसल डिस्टन्सिङ्ग, फेस मास्क, क्वारंटाइन, टेस्टिङ्ग, ट्रेसिङ्ग, र अन्य हाइजिनिक अभ्यास – मानवीय, मानसिक, शारीरिक र आर्थिक रूपमा कष्टकर हो। संचारमा संलग्नका लागि, निरन्तर स्थलगत रूपमा क्रियाशील हुनुपर्नेका लागि त यो प्रावधान असंभवप्राय हो नै। तर पनि नेपाली पत्रकारले विशेष गरी समाचारदाता क्यामेराकर्मीले कोरोना महामारीको कहरलाई फ्रण्टलाइनमा कार्यरतहरू सरह नै र कोभिड –१९ अबधिमा पनि अघिपछिभन्दा सीमित रूपमै भए पनि संचार कर्म कायम गरिराखेको देख्दा, पढ्दा, सुन्दा र अनलाइनमा अनुभूति गर्दा कसलाई उत्साह नमिल्ला, कसमा आशा नपलाउला!

प्रस्तुत सर्वेक्षणको ठम्याइ मननीय छ : कोबिड–१९का कारण नेपालका पत्रकार तथा पत्रकारिता सम्वद्ध संस्थाहरूलाई उल्लेखनीय रूपमा प्रतिकूल प्रभाव परेको छ। सबै ७ प्रदेशका पत्रकारहरू यसबाट मानसिक र शारीरिक रूपमा पीडित भएको स्पष्ट छ। अनेक समाचारकर्मीहरूमा आर्थिक कठिनाइको मार परेको छ, अन्य धेरैको रोजगारी नै गुमेको छ, समाचार संकलन कार्य र समाचार प्रसारण अभ्यासमा उल्लेखनीय परिवर्तन आएको छ, प्रसारण, छापा, र रेडियो सामग्री उत्पादनमा निकै कटौती हुनगएको छ।

सर्वेक्षण सामाजिक शास्त्रका विधिलाई हेक्कामा राखी गरिएको छ, वर्तमान सूचना प्रविधिका नियमलाई पालना गरिएको छ, सामाजिक दूरीको सम्मानसहित जानकारी संकलन भएको छ, सबै ७ प्रदेशलाई समेटिएको छ, छापा, रेडियो, टीभी, अनलाइन र समाचार एजेन्सीमा कार्यरत संचारकर्मीलाई यसमा स्वेच्छाले सहभागी हुने प्रावधान तय भएको छ। प्रश्नलाई उत्तर दिने क्रममा पत्रकारले विपत् सामना गर्ने क्षमता, विपत्का लागि तयारीबारे आफ्नो खास अवस्था खुलाउने अवशर स्पष्ट देखिन्छ।

कोभिड-१९को खास मार कस्तो रह्यो भन्ने अनुभूति व्यक्त गर्न सर्वेक्षणले ढोकै खोलिदिएसरह छ : यसका कारण पत्रकारको व्यक्तिगत रूपमा कस्तो असर, आय, मनोदशा, शारीरिक, दैनिकी, रोजगारी, आय, कार्य सुरक्षा, कार्यकक्षमा आएको परिवर्तनमा प्रकाश पुग्नसकेको छ। संचार संस्थाले कोभिडको सामना गर्न अपनाएका रणनीति वा कार्यलाई पनि स्पष्ट पार्ने प्रयास सर्वेक्षणमा छ।

विपत् वा कोभिड–१९ जस्तो महामारीको बेला आमसंचार माध्यमले कसरी जिम्मेवार, सही सूचना प्रवाह गर्ने ? यसका लागि सीप सिक्न पत्रकारिता तालिम कस्तो चाहिन्छ, कस्ता विषयवस्तुमा केन्द्रित हुनुपर्छ र त्यसको स्वरूप कस्तो हुनुपर्छ भन्ने माग पहिल्याउन पनि सर्वेक्षणले बाटो दिएको छ। यसबाट पत्रकारिताका शिक्षणमा संलग्नका निमित्त त एक राजमार्ग नै तयार हुन पुगेको छ।

पत्रकार, समाचार संस्था र अन्य सरोकारवालाले कार्यान्वयन गर्न मिल्ने गरी सर्वेक्षणले प्रथम पाइलाको रूपमा प्रस्तुत गरेको कार्यगत सुझावहरूबाट सहजीकरण संभव छ नै। क्षमता अभिवृद्धितर्फको मार्गमा पत्रकारको सामूहिक सामना–शक्ति (रेजिलियन्स) प्रबर्द्धन गर्न विपत् तयारी तालिमको निरन्तर आवश्यकतालाई सर्वेक्षणले औंल्याएको उचित देखिन्छ।

नेपाल प्रेस इन्स्टिच्यूट र बोर्नमथ विश्वविद्यालयले यो सर्वेक्षणबाट पत्रकारिता जगतको समस्या स्थलगत रूपमा पहिल्याउन र त्यसको निदानका निमित्त संबद्धको सहभागिता, आवाज, अनुभव र आशयलाई सर्वोपरि ध्यानमा राख्दा भविष्यका योजना, कार्यक्रम, र नीति कार्यान्वयनमा सहयोग पुग्ने सन्देश पनि संचार गरेको सबैले बुझ्नु आवश्यक छ। सर्वेक्षणको उपादेयता त नेपाली आमसंचार माध्यम क्षेत्रमा स्पष्ट रूपमा स्थापितसरह भएको तथ्य त यो पुस्तकले भविष्यपर्यन्त संभाउँदैरहनेछ जसले कोभिड –१९ पछिका दिनलाई फरक पार्न आफ्नै ढङ्गमा सहजीकरण गर्नेमा विश्वस्त हुन मिल्छ।


**रामकृष्ण रेग्मी**
प्राध्यापक, कान्तिपुर सिटी कलेज
काठमाडौं

# कार्यकारी शारांस

यो तीव्र प्रतिकार्य प्रतिवेदनमा कोभिड-१९ ले नेपाली पत्रकार र उनीहरूको कार्य-अवस्थामा पारेको असर पहिचान गर्न सञ्चालन गरिएको राष्ट्रिय सर्वेक्षणबाट आएका नतिजाहरू प्रस्तुत गरिएको छ। २०७२ सालमा आएको भूकम्पको पाँचौं वर्ष पूरा हुनैलाग्दा नेपाल कोभिड-१९ को महाव्याधिबाट प्रभावित हुनपुग्यो। यसका असरहरू अझै महसुस भइरहेका छन्। विश्वव्यापी महाव्याधिका कारण नेपालले थप आर्थिक, सांस्कृतिक र सामाजिक क्षेत्रमा विभिन्न दवावको सामना गर्नुपरेको छ। यस प्रतिवेदनले राष्ट्रिय, प्रादेशिक र स्थानीय तहका सञ्चार माध्यम र तीनमा कार्यरत पत्रकारहरूले यस महाव्याधिलाई कसरी सामना गरे भन्नेबारे तथ्यगत नतिजा समेटेको छ। साथै, सर्वेक्षणले देखाएअनुसार भविष्यमा विपत् उत्थानशीलताका लागि पत्रकारहरूका निम्ति तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रम आवश्यक भएको सम्बन्धमा पनि यस प्रतिवेदनमा प्रकाश पारिएको छ।

## विधि

प्रस्तुत सर्वेक्षण २०२० जुलाई १० देखि २४ सम्म माईक्रोसोफ्ट फर्ममार्फत सञ्चालन गरिएको थियो। सर्वेक्षणमा छापा, प्रसारण, अनलाइन तथा समाचार एजेन्सीमा कार्यरत कुल १,१३४ पत्रकारहरूको सहभागिता रहेको थियो। लैङ्गिक पहिचानको आधारमा हेर्दा ८०.४ प्रतिशत (९१२ जना) पुरुष र १९.२ प्रतिशत (२१८ जना) महिला थिए भने ०.३ प्रतिशत (४ जना) ले लैङ्गिक पहिचानमा ‘अन्य’ छनोट गरेका थिए। सर्वेक्षणमा सात वटै प्रदेशबाट पत्रकारहरूको सहभागिता रहेको थियो  जसमा समाचार संस्थाबाट नियुक्ती पाएका र स्वतन्त्र पत्रकारसमेत सामेल थिए (चित्र १ हेर्नुहोस्)। विधिबारे विस्तृतरूपमा यस रिपोर्टको अनलाईन संस्करणको परिशिष्ट १ हेर्नुहोस्।




*चित्र १*

## मुख्य नतिजा

कोभिड-१९ का कारण नेपालमा कार्यरत पत्रकारहरूमा मानवीय क्षति नभएपनि पत्रकारहरूको कार्यअभ्यासमा धेरै नै असर परेको छ। सबै प्रदेशबाट प्रतिनिधित्व गर्ने अधिकांश उत्तरदाताहरूले कोभिड-१९ का कारण व्यक्तिगतरूपमा गम्भीर र प्रत्यक्ष असर परेको उल्लेख गरेका छन्।

कोभिड-१९ ले नेपालमा कार्यरत अधिकांश पत्रकारहरूको मानसिक स्वास्थ्यमा असर पुऱ्याएको छ। जस्तै, ८३ प्रतिशत पत्रकारहरूले जोखिमको अनुभूतिमा वृद्धि भएको, ७५ प्रतिशत पत्रकारहरुले चिन्ता बढेको र ६२ प्रतिशत पत्रकारहरूले आफूहरू दुःखमा परेको प्रतिक्रिया दिएका छन्।

- २५ प्रतिशतले उनीहरू चरम निराशाबाट ग्रसित रहेको उल्लेख गरेका छन्।
- ७४ प्रतिशत पत्रकार आर्थिकरूपमा प्रभावित भएका छन् जसमध्ये ३८ प्रतिशतले आफूहरू पारिश्रमिक कटौतीमा परेको बताएका छन् भने ६ प्रतिशतले जागिर गुमाएको उल्लेख गरेका छन्।
- ६६ प्रतिशत पत्रकारको कार्य समयावधिमा परिवर्तन आएको छ, जसमध्ये २४ प्रतिशतले काम गर्ने समयमा वृद्धि भएको, २४ प्रतिशतले काम गर्ने समय घटेको र १८ प्रतिशतले बिदामा समेत काम गर्न परेको उल्लेख गरेका छन्।
- महाव्याधिले सबै खालमा समाचार प्रकाशन तथा प्रसारणलाई उल्लेखनीय प्रभाव पारेको छ। उत्तरदाताले प्रसारण, श्रव्य तथा श्रव्यदृश्य सामग्रीको उत्पादन घटेको प्रतिक्रिया दिएका छन्। त्यसैगरी, छापा माध्यमहरूको पनि प्रकाशनको दर तथा पृष्ठ दुबै घटेको पाइएको छ। केही प्रकाशनहरू डिजिटल माध्यममा मात्र सीमीत भएका छन्।
- नेपालमा स्वास्थ्य संकटलगायतका विपत्को जोखिमको मात्रा अत्यधिक रहे पनि तालिमलगायत विपत्सँग जुध्नका लागि तयारीको अवस्था नाजुक रहेको अधिकांश उत्तरदाताले उल्लेख गरेका छन्। समग्रमा, उत्तरदाताले नेट प्रोमोटर स्केलमा ६९ अंक प्रदान गरेका छन् (विधिबारे परिशिष्ट १ मा हेर्नुहोस्)। यसले समाचार संस्थाहरूमा विपत् को तयारीको अवस्था कम रहेको देखाउँछ। ६६ प्रतिशत उत्तरदाताले आफूले विपत् उत्थानशीलतासम्बन्धी तालिम हालसम्म नलिएको उल्लेख गरेका छन्।
- विपत् उत्थानशीलतासम्बन्धी तालिम लिने पत्रकारहरूमा गण्डकी प्रदेश र प्रदेश नम्बर १ का अधिक रहेका छन् भने कम तालिम प्राप्त गर्ने पत्रकारहरू क्रमशः सुदूरपश्चिम प्रदेश र प्रदेश नम्बर ५ का रहेका छन्।
- उत्तरदाताहरूले नयाँ प्रविधि, खोज पत्रकारिता, तथ्य जाँच, पुनः परीक्षणलगायतका विषयमा क्षमता विकास तथा तालिमको उच्च प्राथमिकता रहेको औंल्याएका छन्। त्यसैगरी भौतिक सुरक्षा, डिजिटल सुरक्षा र सम्पादकीय तयारीबारे तालिमको आवश्यकता पनि औंल्याइएको छ।
- धेरैजसो पत्रकारहरूले तालिमको माध्यमको रूपमा वेवसाइट तथा वेबिनारलाई रुचाएका छन्। त्यसैगरी, आफू कार्यरत प्रदेशमा भौतिक उपस्थितिमै यस्ता तालिम तथा कार्यशाला भएमा उपयुक्त हुने विचार पनि उनीहरूको छ।

# पत्रकारहरूलाई परेको व्यक्तिगत प्रभाव

हामीले कोभिड-१९ बाट पत्रकारहरू संक्रमित भएको वा नभएको सम्बन्धमा प्रश्न सोधेका थियौं जसमध्ये ९८ प्रतिशत (१,११५जना) पत्रकारले आफूमा कोरोनाभाइरसको संक्रमण नभएको बताएका छन् । ०.९७ प्रतिशत (११ जना) ले आफूहरू भाइरसबाट संक्रमित भएको उल्लेख गरेका छन् भने उत्तिकै संख्या अर्थात अर्थात ०.९७ प्रतिशत (११ जना) ले आफ्नो परिवारका सदस्य भाइरसबाट संक्रमित भएको प्रतिक्रिया दिएका छन् ।


## मनोवैज्ञानिक

संक्रमणको अवस्थाको दर कम रहे पनि सबै प्रदेश र सबै क्षेत्रमा उनीहरूको जीवनमा परेको प्रभाव भने उल्लेखनीय नै देखिएको छ (चित्र २) । अधिकांश उत्तरदाताहरूले कोभिड-१९ का कारण मनोवैज्ञानिकरूपमा असर परेको बताएका छन् ।

पत्रकारहरूमा महाव्याधिको असरका सन्दर्भमा सबैभन्दा गम्भीर विषय उनीहरूले महसुस गरेको जोखिमको मात्रा हो । ८२.६ प्रतिशत (९३७ जना) पत्रकारले जोखिमको अनुभूति बढेको बताएका छन् जसमध्ये ३० प्रतिशत उत्तरदाता यस्तो जोखिम बढेकोमा पूर्ण सहमत देखिएका छन् भने ५२.६ प्रतिशत उत्तरदाता सहमत देखिएका छन् । उत्तरदाताहरूले चिन्ता बढ्नुलाई पनि कोभिड-१९ को असरको रूपमा अभिव्यक्त गरेका छन् । उत्तरदाताहरूमध्ये ७४.८ प्रतिशत (८४८ जना)ले चिन्ता बढेको, ६१.६ प्रतिशत (६९८ जना) ले आफू दुःखमा परेको, ३७.१ प्रतिशत (४२१ जना) ले परिवार तथा इस्टमित्रसँग सम्पर्क विच्छेद भएको र २७.९ प्रतिशत (३१६ जना) ले निद्राबाट बञ्चित भएको उल्लेख गरेका छन् । सोचनीय पक्ष के छ भने २५ प्रतिशत (२८३ जना) पत्रकारले कोभिड-१९ का कारण चरम निराशा अनुभूति गरेको बताएका छन् ।

**८२%**
पत्रकारले जोखिमको अनुभूति बढेको बताएका छन् ।

### निम्न विषयहरुमा तपाईंको कस्तो अनुभव रहेको छ, मूल्यांकन गर्नुहोस्




चित्र २

## आर्थिक कठिनाई

७३%
पत्रकारको आर्थिक कठिनाइको अनुभूति गरेका छन् ।

आर्थिक कठिनाइ कोभिड-१९ को अर्को महत्वपूर्ण असरको रूपमा देखा परेको छ। ७३.५ प्रतिशत (८३४) पत्रकारको आर्थिक कठिनाइ पैसासँग सम्बन्धित छ। पैसाको विषय धेरै पत्रकारको तेस्रो समस्याको रूपमा देखिएको छ। आर्थिक कठिनाइ पत्रकारहरूको सबैभन्दा टट्कारो समस्याको रूपमा देखिएको छ, जसमा ३०.६ प्रतिशत उत्तरदाता पूर्ण सहमत हुँदै आर्थिक कठिनाइलाई कोभिड-१९ को असरको रूपमा उल्लेख गरेका छन्। केही पत्रकारहरूले पारिश्रमिकको ढिलो भुक्तानीलाई विशेष चुनौतीको रूपमा दर्शाएका छन्। पारिश्रमिकको ढिलो भुक्तानी पनि उनीहरूको आर्थिक अवस्थालाई झनै कठिनाइपूर्ण बनाउने कारक बनेको छ।

नेपालमा कोभिड-१९ लाई घटनाको दरको दृष्टिकोणले हेर्दा न्यून देखिएकोले हुनसक्छ- आफैले रिपोर्ट गरेको समाचारका कारण तनाव महसुस गर्ने पत्रकारको संख्या पनि सबैभन्दा न्यून नै रहेको पाइएको छ, जसअनुसार प्रश्नावलीमा उल्लिखित सोसम्बन्धी प्रश्नमा ५९ प्रतिशत (६६९) उत्तरदाता असहमत वा पूर्ण असहमत देखिएका छन्।

## प्रादेशिक अन्तर: मनोवैज्ञानिक

यी प्रवृत्ति सबै प्रदेशमा प्रस्टरूपमा देखिएपनि केही क्षेत्रीय विविधताहरू पनि देखिएका छन्। उदाहरणको लागि प्रदेश १ का उत्तरदाताले सर्वेक्षणको नतिजामा देखिएको राष्ट्रिय औसतभन्दा उच्च जोखिम र चिन्ता व्यक्त गरेका छन्। त्यसैगरी प्रदेश नम्बर २ मा ९.४ प्रतिशत बढी उत्तरदाताले दुःख अनुभव गरेको जनाएका छन् भने गण्डकी प्रदेशमा जोखिम र चिन्ताको तह राष्ट्रिय औसतभन्दा केही कम पाइएको छ।

## प्रादेशिक अन्तर: आर्थिक


संघीय राजधानीसमेत रहेको बागमती प्रदेशमा कार्यरत पत्रकारहरूको आर्थिक कठिनाइको अनुभव भने राष्ट्रिय औसतभन्दा कम देखिएको छ। देशभरको औसत ७३.५ प्रतिशत (८३४) को तुलनामा यस प्रदेशमा आर्थिक कठिनाइ महसुस गर्ने पत्रकार ६६.४ प्रतिशत (२८३ जना) मात्र रहेका छन्। अर्कोतर्फ प्रदेश नम्बर ५ मा कोभिड-१९ को कारण आर्थिक कठिनाइमा पर्ने पत्रकारहरूको संख्या सबै प्रदेशमध्ये उच्च देखिएको छ। यस प्रदेशका ८७.३ प्रतिशत (१०३ जना) उत्तरदाताले आर्थिकरूपमा प्रभावित भएको तथ्य उजागर गरेका छन्। प्रदेशबीच देखिएको अन्तर अनलाइन संस्करणको परिशिष्ट २ मा उपलब्ध छ।

## लैङ्गिक पहिचानका आधारमा व्यक्तिगत असर

सर्वेक्षणमा ९१२ पुरुष र २१८ महिलाको प्रतिक्रिया प्राप्त भएको थियो भने चार सहभागीले लैङ्गिक पहिचानको विकल्पमा 'अन्य' छनोट गरेका थिए (अनलाइन संस्करणको परिशिष्ट १ मा हेर्नुहोस्)। कोभिड-१९ को असरका सन्दर्भमा मानसिक सुस्वास्थ्य र आर्थिक गरी दुई विषयमा महिला र पुरुषबीच केही असमानता देखिएका छन्।


महिला उत्तरदाताहरूले बढ्दो दुःख, चरम निराशा, चिन्ता र जोखिमको तह पुरुष सहकर्मीभन्दा धेरै रहेको अनुभव व्यक्त गरेका छन्। अझ स्पष्टरूपमा भन्नुपर्दा, पुरुषहरूको तुलनामा ८.४ प्रतिशतले बढी महिला उत्तरदाताहरूले दुःख महसुस गरेको बताएका छन् (महिला ६७.९ प्रतिशत, पुरुष ५९.५ प्रतिशत)। त्यसैगरी चरम निराशा महसुस गर्ने महिलाहरू पुरुषभन्दा ४.८ प्रतिशतले बढी छन्। (महिला २८.९ प्रतिशत, पुरुष २४.१ प्रतिशत)। यसबाहेक, बढ्दो जोखिम र चिन्ताको अवस्था पनि महिलाहरूमा पुरुषको भन्दा बढी देखिएको छ (चित्र ३)।

## महिला पत्रकार




*चित्र ३*

## पुरुष पत्रकार




*चित्र ४*

आर्थिक कठिनाइको दृष्टिकोणले हेर्दा, ७४.६ प्रतिशत पुरुषहरू कोभिड-१९ को महाव्याधिले आफ्नो अवस्थामा नकारात्मक असर परेकोमा सहमत वा पूर्ण सहमत देखिए (चित्र ४)। यही प्रतिक्रिया व्यक्त गर्ने महिलाको संख्या भने ५.८ प्रतिशतले कम अर्थात ६८.८ प्रतिशत रहेको छ।

अरू विषयहरूमा पनि कोभिड-१९ को असर पुरुषहरूभन्दा महिलाहरूले धेरै महसुस गरेको नतिजा सर्वेक्षणमा आएको छ। उदाहरणको रूपमा निद्राबाट वञ्चित हुने, समाचारका कारण तनाव महसुस गर्ने, शारीरिक तन्दुरुस्ती गुमाउने तथा परिवार तथा इस्टमित्रसँगको सम्पर्क विच्छेद भएको अनुभूति व्यक्त गर्ने महिला उत्तरदाताहरूको प्रतिशत पनि पुरुषको भन्दा उच्च रहेको छ।

## कार्य अवस्थामा परेको असर

कोभिड-१९ ले सिर्जना गरेको संकटको असर पत्रकारहरूले व्यक्तिगतरूपमा मात्र नभई पेशागत क्षेत्रमा पनि अनुभव गरेका छन्। जागिरको सुरक्षा, कार्य समयावधि, समाचार उत्पादन र प्रवाहको अभ्यास अवरुद्ध भएको र परिवर्तनहरू आएको सर्वेक्षणले देखाएको छ।

### रोजगारी

**६%**
पत्रकारहरले पूर्णरूपमा रोजगारी गुमाएका छन् ।

नेपाली पत्रकारहरूको रोजगारीको अवस्था र जागिरको सुरक्षामा कोभिड-१९ ले नाटकीयरूपमा प्रभाव पारेको छ। समग्रमा ३८.४ प्रतिशत पत्रकार अर्थात ४३५ जनाले पारिश्रमिक कटौती भएको उल्लेख गरेका छन्। त्यसैगरी १८.८ प्रतिशत पत्रकार अर्थात २१३ जनाले साविककै पारिश्रमिकमा धेरै काम गर्नुपरेको प्रतिक्रिया दिएका छन् भने १९.६ प्रतिशत अर्थात २२२ जना पत्रकारले काम गर्ने समय र पारिश्रमिक दुवै घटेको बताएका छन् (चित्र ५)। सर्वेक्षणले देखाएको अर्को महत्वपूर्ण पाटो के हो भने ६.३ प्रतिशत अर्थात ७२ जना पत्रकारहरले पूर्णरूपमा रोजगारी गुमाएका छन्। जनस्वास्थ्यसँग सम्बन्धित भरपर्दो सूचना प्रवाह गर्नुपर्ने, रोकथाम तथा रिकभरीका योजनाहरूमा सार्वजनिक सुशासनलाई निगरानी गर्नुपर्ने अवस्थामा नेपालको पत्रकारिता पेशामा चिन्ताजनक प्रवृत्तिको प्रवेशलाई यस तथ्यले उजागर गरेको छ।


कोभिड-१९ को संकटले कुनै न कुनै रूपमा रोजगार अवधिलाई प्रभावित पारेको अधिकांश उत्तरदाताले उल्लेख गरेका छन्। उत्तरदाताहरूको महत्वपूर्ण हिस्सा अर्थात ४३.३ प्रतिशत (४९१ पत्रकार) ले महाव्याधिका कारण रोजगारीको अवधिमा असर नपरेको उल्लेख गरेका छन्। यहाँनेर बुझ्नुपर्ने कुरा के छ भने, रेडियो र टेलिभिजनमा कार्यरत पत्रकारहरूले रोजगारीको अवधि सबैभन्दा सुरक्षित भएको बताएका छन्। रेडियो र टेलिभिजनमा काम गर्ने पत्रकारहरू क्रमशः ५१.८ प्रतिशत र ४९.४ प्रतिशतले कोभिड-१९ का कारण रोजगार अवधिमा कुनै परिवर्तन नआएको बताएका छन्।

अर्कोतर्फ छापा र अनलाइन माध्यममा काम गर्ने पत्रकारहरूको हकमा भने फरक तस्वीर देखिएको छ। उनीहरू अत्यधिक जोखिमपूर्ण अवस्थामा देखिएका छन्।

### प्रादेशिक अन्तर: रोजगारी

यी नतिजालाई प्रादेशिक तहमा हेर्दा कर्णाली प्रदेशमा सबैभन्दा बढी पारिश्रमिक कटौती भएको हामी देख्न सक्छौं (थोरै समय काम गरेर वा नगरेर)। यस प्रदेशका ५३.६ प्रतिशत अर्थात ५२ पत्रकारहरू पारिश्रमिक कटौतीमा परेका छन्। त्यसैगरी रोजगारी गुमाउनेमा सुदूरपश्चिम प्रदेशका पत्रकारहरू सबैभन्दा धेरै अर्थात १३.३ प्रतिशत (११ जना) रहेका छन्। रोजगारी गुमाउनेमा पत्रकारहरूको मात्रालाई प्रतिशतमा तुलना गर्दा बागमती प्रदेश दोस्रो स्थानमा रहेको छ, जहाँ ८ प्रतिशत पत्रकारहरूले रोजगारी गुमाएको बताएका छन् (चित्र ५)।

तपाईंको रोजगारी कोभिड –१९ का कारण कसरी प्रभावित भएको छ?




*चित्र ५*

प्रदेश नम्बर ५ मा ५२.५ प्रतिशत अर्थात ६२ जनाले रोजगारीमा कोभिड-१९ ले परिवर्तन नपारेको उल्लेख गरेका छन् । यसलाई पछ्याउँदै वागमती प्रदेशमा ५२.१ प्रतिशत अर्थात् २२२ जना पत्रकारले कोभिड-१९ का कारण रोजगारीमा असर नपरेको बताएका छन् भने प्रदेश नम्बर २ मा यो दर ४५.८ प्रतिशत (५४ जना) रहेको छ ।


## कार्य समयावधि

उत्तरदाताको सबैभन्दा ठूलो हिस्सा अर्थात २६.६ प्रतिशत (३०२ जना) ले कोभिड-१९ को कारणले काम गर्ने अवधिमा परिवर्तन नआएको बताए । त्यसैगरी २४.१ प्रतिशत अर्थात २७३ जनाले कार्यअवधि लम्बिएको उल्लेख गरे भने त्यसकै हाराहारीमा २४ प्रतिशत (२७२ जना) ले कार्य अवधि घटेको प्रतिक्रिया दिएका छन् । त्यसबाहेक १७.७ प्रतिशत (२०१ जना) ले महाव्याधिका कारण बिदाको समयमा समेत काम गरिरहेको बताए ।

## प्रादेशिक अन्तर: कार्यसमयावधि

पत्रकारहरूको काम गर्ने समय अवधिलाई प्रदेशहरूबीच तुलना गर्दा केही भिन्नता देखिएका छन् । उदाहरणको लागि सुदूरपश्चिमका ३४.९ प्रतिशत (२९ जना) उत्तरदाताहरूले लामो समयसम्म काम गर्न परिरहेको बताए भने प्रदेश नम्बर १ का १७.४ प्रतिशत (३२ जना) उत्तरदाताले लामो समयसम्म काम गर्न परिरहेको उल्लेख गरे । त्यसैगरी उत्तरदाताको सबैभन्दा उच्च संख्या रहेको बागमती प्रदेशमा अधिकांश उत्तरदाता अर्थात ३०.५ प्रतिशत (१३० जना) पत्रकारहरूले कोभिड-१९ का कारण यस्तो कुनै परिवर्तन नआएको प्रतिक्रिया दिए ।

### तपाईंको काम गर्ने समायावधि कसरी परिवर्तन भएको छ?




*चित्र ६*

## रोजगारको सुरक्षा

**६०%**
पत्रकारहरूले कोभिड-१९ महाव्याधि आइसकेपछि रोजगारीबारे बढी चिन्तित भएको उल्लेख गरेका छन् ।

महाव्याधिले पत्रकारहरूको रोजगारीमा उल्लेखनीय रूपमा असुरक्षा उत्पन्न गरेको छ। समग्रमा ६०.२ प्रतिशत (६८३ जना) पत्रकारहरूले कोभिड-१९ महाव्याधि आउनुभन्दा अघिको तुलनामा महाव्याधि आइसकेपछि रोजगारीबारे बढी चिन्तित भएको उल्लेख गरेका छन्। जागिरको सुरक्षासम्बन्धी हाम्रो प्रश्नमा ३७.८ प्रतिशत उत्तरदाताले उनीहरूले रोजगारीको दृष्टिकोणबाट आफूहरू थोरै सुरक्षित भएको जनाएका छन् भने २२.४ प्रतिशतले एकदमै थोरै सुरक्षित भएको उल्लेख गरेका छन् (चित्र ७)।


तथापि, उत्तरदाताहरूको उल्लेखनीय संख्याले महाव्याधिका कारण जागिरको सुरक्षामा कुनै नकारात्मक असर नपारेको उल्लेख गरेको छ। यस्तो प्रतिक्रिया जनाउनेमा ३२.६ प्रतिशत (३७० जना) रहेका छन्। उनीहरूमध्ये ३.५ प्रतिशत (४० जना) ले बढी सुरक्षित महसुस गरेको र ३.६ प्रतिशत (४१ जना) ले कोभिड-१९ भन्दा झनै धेरै सुरक्षित महसुस गरेको बताएका छन्।

## प्रादेशिक अन्तर: रोजगारीको सुरक्षा

रोजगारीको अवस्था असुरक्षित रहेको महसुस गर्नेमा कर्णाली प्रदेशबाट प्रतिनिधित्व गर्ने उत्तरदाताहरूको संख्या सबैभन्दा उच्च रहेको छ। रोगजारीको सुरक्षासम्बन्धी प्रश्नमा थोरै सुरक्षित र एकदमै थोरै सुरक्षित महसुस गर्ने पत्रकारहरूको कुल संख्या यस प्रदेशमा ७०.१ प्रतिशत (६८) रहेको छ। थोरै सुरक्षित र एकदमै थोरै सुरक्षितको योगफलका आधारमा सुदूरपश्चिम दोस्रो देखिएको छ जहाँबाट ६७.५ प्रतिशत (५६ जना)ले  रोजगारी थोरै सुरक्षित वा एकदमै थोरै सुरक्षित रहेको बताएका छन्। तेस्रोमा प्रदेश नम्बर १ रहेको छ जहाँ ६५.२ प्रतिशत (१२०) जनाले रोजगारी थोरै सुरक्षित वा एकदमै थोरै सुरक्षित रहेको उल्लेख गरेका छन्।

प्रदेश नम्बर २ मा भने ठूलो संख्याका उत्तरदाताले रोजगारीमा कुनै नकारात्मक प्रभाव नपरेको उल्लेख गरेका छन्। यस प्रदेशका ३९.८ प्रतिशत (४७ जना) पत्रकारले रोजगारीको सुरक्षामा कुनै परिवर्तन नआएको बताएका छन् भने १०.२ प्रतिशत (१२ जना) ले अत्यधिक धेरै सुरक्षित महसुस भएको उल्लेख गरेका छन्। थप ५.९ प्रतिशत (७ जना) ले भने महाव्याधि अघिको भन्दा बढी सुरक्षित महसुस गरेको बताएका छन्।

**कोभिड–१९ ले जागिरको सुनिश्चितता परिवर्तन ल्याएको महसुस गर्नुभएको छ?**




*चित्र ७*

## कार्य-अभ्यासमा परिवर्तन

कोभिड-१९ ले नेपाली पत्रकारहरूको काम गर्ने तरिकामा परिवर्तन ल्याउन बाध्य बनाएको छ। अधिकांश पत्रकारले कार्यालयभन्दा ढाटा बसेर काम गर्ने अभ्यास अबलम्बन गरेको पाइएको छ। कार्यालयमा उपस्थित हुने विषयमा मात्र होइन, समाचार तथा सूचना स्रोतका लागि समेत टाढै बसेर काम गर्ने अभ्यास पत्रकारले अबलम्बन गरेका छन्। (चित्र ८)

उत्तरदाताहरूका अनुसार, उनीहरूले अधिकांश समाचार अनलाइन माध्यमद्वारा संकलन गर्नेगरेका छन्। उत्तरदातामध्ये ८०.४ प्रतिशत (९१२ जना) ले सोसल मिडियाबाट समाचार संकलन गरिएको छ भन्ने विकल्पमा सहमती र पूर्ण सहमती जनाएका थिए भने अन्य इन्टनेट स्रोतबाट समाचार संकलन गरिएको छ भन्ने विकल्पमा सहमती र पूर्ण सहमती जनाउने उत्तरदाता ८२.६ प्रतिशत (९३७ जना) थिए। समाचार संकलनका क्रममा आधिकारिक र सरकारी स्रोतमा निर्भरता बढेको पनि हामीले पायौं। ७१.४ प्रतिशत (८१० जना) उत्तरदाताले यस्तो प्रवृत्ति बढेकोमा सहमति जनाएका छन्।


यस अलावा, खोज-अनुसन्धान गर्ने सक्षमता पनि कोभिड-१९ का कारण नकारात्मक रूपमा प्रभावित भएको सर्वेक्षणको नतिजाले देखाएको छ। ६४.८ प्रतिशत (७३५ जना) उत्तरदाता कोभिड-१९ को कारणले खोज-अनुसन्धान गर्ने सक्षमतामा नकारात्मक असर परेकोमा सहमत वा पूर्ण सहमत देखिए। र, ६३.५ प्रतिशत (७२० जना) ले यसको कारण कोभिड-१९ ले पारेको आर्थिक दवावसँग सम्बन्धित रहेको बताए।

पत्रकारहरूले उल्लेख गरेका यी अपठ्याराहरू विपद् पत्रकारिताका लागि आमरूपमा अर्थपूर्ण छन्। महत्वपूर्ण समयमा समाचार सामग्रीको गुणस्तरलाई यी अड्चनहरूले सीमित गर्छन्। र, यसले संकटपूर्ण समयमा मिडियाले कसरी जनमुखी पत्रकारिता गर्न र शक्तिमा रहेका निकायहरूलाई जिम्मेवार र जवाफदेही बनाउन भूमिका खेल्न सक्छन् भन्ने प्रश्न पनि सिर्जना गरेको छ।

# समाचार संस्थाको प्रतिकार्य

नेपालका समाचार संस्थामा कोभिड-१९ को गम्भीर प्रभाव परेको छ। समाचार माध्यमहरूले भौतिक दुरी कायम गर्ने, घरबाटै कार्यालयको दैनिक कामकाज गर्ने लगायतका सरकारले जारी गरेका नियमहरू अबलम्बन गरेका थिए।

**तपाईंले गर्ने समाचार संकलन÷उत्पादन अभ्यासमा कस्तो परिवर्तन आएको छ?**




चित्र ८


त्यसबाहेक सर्वेक्षणले अरु दुईवटा नकारात्मक असर पनि देखाएको छ, ती हुन- मौलिक समाचारको उत्पादन र समाचार वितरणमा कमी। विश्वव्यापी स्वास्थ्यसंकटको समयमा देखिएका यी असर चिन्ता र चासोको विषय समेत हुन् किनभने यसले समाजलाई सुसुचित राख्ने र महाब्याधिको समयमा सरकारमाथि प्रश्न गर्नसक्ने क्षमतामा प्रतिकुल असर पार्दछ।

## समाचार सामग्री र वितरणमा कमी

कोभिड-१९ महाव्याधिका कारण छापा, श्रब्य दृश्य, श्रब्य र अनलाईन सामग्रीको उत्पादनमा देशव्यापीरूपमा उल्लेखनीयरूपमा कमी आएको छ। छापा र प्रशारण माध्यममा सबैभन्दा बढी प्रभावित भएको छ। छापा माध्यममा कार्यरत ५५ प्रतिशत (२५८ जना) उत्तरदाताले आफू कार्यरत छापा माध्यमको पृष्ठ घटेको बताएका छन् भने ४८.४ प्रतिशत (२२७ जना) ले छापा माध्यमको प्रकाशनको समय (फ्रीक्वेन्सी) घटेको उल्लेख गरेका छन्।

प्रशारण माध्यममा पनि उस्तै प्रवृत्ति देखिएको छ। रेडियोमा कार्यरत ५१.८ प्रतिशत (१७६ जना) उत्तरदाता र टेलिभिजनमा कार्यरत ४२.८ प्रतिशत (११६) उत्तरदाताले प्रशारण उत्पादनको घटेको उल्लेख गरेका छन्। कोभिड-१९ संकटकै कारण श्रब्यदृश्य सामाग्री पनि उल्लेखनीय रूपमा घटेको सर्वेक्षणले देखाएका छ भने छापा र प्रशारण माध्यम डिजिटल माध्यम मात्र सीमति भएको पनि पाइएको छ। श्रब्य समाचार सामाग्रीको उत्पादनमा आएको कमीलाई हेर्दा रेडियोमा पनि महाव्याधिको नराम्रो असर परेको देखिन्छ। २७.४ प्रतिशत उत्तरदाता (९३ जनाले) रेडियो सामाग्रीमा कमी आएको बताएका छन्।

**के तपाईं कार्यरत समाचार संस्थाले कोभिड–१९ महाव्याधि देखा परेपछि निम्न कुराहरुमा केही परिवर्तन गरेको छ?**




*चित्र ९*

## सुरक्षाका उपाय

अधिकांस उत्तरदाता अर्थात ६९ प्रतिशत (७८३ जना) ले कार्यस्थलमा भौतिक दुरी कायम गरि सुरक्षाको उपाय अपनाएको बताएका छन्। त्यससँगै आलोपालो प्रणालीअनुसार काम गरेको उल्लेख गर्नेको संख्या ३५.४ प्रतिशत (४०१ जना) रहेको छ (चित्र १०)।

समाचार संस्थाबाट पीपीइको सहयोग भने निकै कम मात्रामा उपलब्ध भएको पाइएको छ। देशव्यापी औसदमा हेर्दा सर्वेक्षणमा भाग लिएका ५.५ प्रतिशत अर्थात ६२ जनाले मात्र कार्यरत संस्थाले पीपीई उपलब्ध गराएको जनाएका छन्।


महाव्याधिको समयमा पत्रकारहरुलाई मार्गनिर्देशन गर्न सम्पादकीय नीति कार्यान्वयन गर्ने समाचार संस्थाहरु भने निकै कम पाइएको छ। यस्तो सहयोग पाएको प्रतिक्रिया जनाउने पत्रकारहरुको राष्ट्रिय औसत १४.७ प्रतिशत (१६७ जना) रहेको छ भने सुदूरपश्चिम प्रदेशमा यो हिस्सा १९.३ प्रतिशत (१६ जना) रहेको छ।

## कार्यस्थलमा सहयोग

समाचार संस्थाले पत्रकारहरूलाई काम गर्ने समयमा लचकता प्रदान गरेको देखिएको छ। ५६.५ प्रतिशत (६४१ जना) उत्तरदाताले कार्यसमयावधिमा आफु कार्यरत संस्था लचक भएको जनाएका छन्।


पेशागत मार्गदर्शन दोस्रो सहयोगको रूपमा देखा परेको छ। सर्वेक्षणमा भाग लिएका ४८.५ प्रतिशत (५५० जना) उत्तरदाताले नयाँ कार्य प्रणालीबारे संस्थाले मार्गनिर्देश गरेको बताएका छन् भने ४६.६ प्रतिशत (५२८ जना) ले परिवारको हेरचाहका लागि संस्थाले समय प्रदान गरेको उल्लेख गरेका छन्। त्यसैगरी समस्यासँग जुध्ने संयन्त्रबारे मार्गदर्शन पाएको उल्लेख गर्नेको संख्या ४१.७ प्रतिशत (४७३) रहेको छ भने सामाजिक सहयोग प्राप्त गरेको उल्लेख गर्नेहरू ३७.२ प्रतिशत (४२२ जना) रहेका छन्।

## तपाईंको समाचार संस्थाले समाचार कक्ष वा समाचार संकलन समयतालिकामा निम्नअनुसारका कुनै परिवर्तन ल्याएको छ?




चित्र १०

## समाचार संस्थाले तपाईलाई कोभिड–१९ सँग सम्बन्धित निम्नअनुसारको कुनै सहयोग गरेको छ?




चित्र ११

मनोवैज्ञानिक पराशर्म प्राप्त गर्नेहरूको संख्या भने थोरै रहेको छ। सहभागीमध्ये २९ प्रतिशत अर्थात (३२९ जना) ले कार्यरत संस्थाबाट मनोवैज्ञानिक परामर्श प्राप्त गरेकोमा सहमती वा पूर्ण सहमती प्रकट गरेका छन्। उल्लेखनीय विषय वा टट्कारो आवश्यकता के छ भने ठूलो संख्याका सहभागीहरू अर्थात ४५.४ प्रतिशत (५१५ जना) ले मनोवैज्ञानिक परामर्श पाएको कुरामा सहमति प्रकट गरेका छन। त्यसैगरी  सामाजिक सहयोग प्राप्त गरेको कुरामा असहमति जनाउनेहरूको संख्या पनि दोस्रो उच्च अर्थात ३८.४ प्रतिशत (४३६ जना) ले असहमती व्यक्त गरेका छन्। बढ्दो जोखिम, चिन्ता र दुःख महसुस भएको उल्लेख गर्ने उत्तरदाताबारे व्यक्तिगत प्रभावअन्तर्गत उल्लेख भइसकेको छ। त्यससँगै मनोवैज्ञानिक पराशर्म प्राप्त गर्नेहरूको थोरै संख्याले नेपाली पत्रकाहरूकोको मानसिक स्वास्थ्यको विषय क्षमता विकासको एउटा क्षेत्र हुन सक्ने देखाएको छ।

# विपत् उत्थानशीलता र क्षमता विकास

नेपालमा २०७२ सालमा आएको भूकम्पपछि **बोर्नमथ विश्वविद्यालयले गरेको एउटा अनुसन्धानमा** विपत्को तयारीका सन्दर्भमा सम्पादकीय तयारी, मनोवैज्ञानिक पक्षलगायतका भौतिक तयारीका विषयमा तालिमको आवश्यकता पहिचान भएको थियो। यस सर्वेक्षणमा पनि पत्रकाहरूलाई तालिमको आवश्यकताबारे बुझ्न हामीले उत्तरदातालाई उनीहरूले यसबारे तालिम लिइसकेको छन् कि छैनन् भनेर सोधेका थियौं। त्यसबाहेक, विपद्को तयारीबारे उनीहरूको स्वमूल्याङ्कन र भविष्यमा तालिम र क्षमता विकासको आवश्यकताबारे पनि प्रश्न राखेका थियौं।


राष्ट्रिय तहमा अधिकांश पत्रकारहरूले विपत् उत्थानशीलतासम्बन्धी तालिम नलिएको सर्वेक्षणको नतिजाले देखाएको छ। ६६ प्रतिशत (७९९ जना) उत्तरदाताले हालसम्म यस्तो कुनै पनि तालिम नलिएको उल्लेख गरेका छन् भने ४.२ प्रतिशत (५१ जना) ले यसबारे आफूलाई जानकारी नभएको बताएका छन्। यसरी ७०.७ प्रतिशत पत्रकारहरू विपत् उत्थानशीलतासम्बन्धी तालिमबाट टाढा रहेको पाइएको छ।

बाँकी १३.८ प्रतिशत  उत्तरदाताले भने नेपालमा २०७२ सालमा आएको भूकम्पअघि तालिम लिएको बताएका छन्। भूकम्पपछि र भूकम्पअघि तालिम लिनेको संख्या १५.५ प्रतिशत (१८६ जना) छ। यस अर्थमा भूकम्पपछि तालिम लिनेहरुको संख्या १ प्रतिशतले मात्र बढेको देखिएको छ। भूकम्पले जोखिमको अवस्थालाई औंल्याउँदै केही  पाठसमेत सिकाएर गएको परिप्रेक्षमा पनि तालिम लिने पत्रकारहरुको संख्यामा खासै वृद्धि भएको देखिएन।

तालिम लिएकाहरूमध्ये १७ उत्तरदाता (१.५ प्रतिशत) ले भूकम्पअघि र पछि पनि तालिम लिएको उल्लेख गरेका छन्। त्यसमध्ये ११ जना पत्रकारहरू बागमती प्रदेशका छन् जहाँ देशको संघीय राजधानीसमेत रहेको छ। त्यसैगरी २/२ जना कर्णाली, गण्डकी र प्रदेश नम्बर २ बाट रहेका छन्। यसभन्दा पहिला गरिएको अनुसन्धानले विपद् उत्थानशीलताबारे ज्ञान हासिल गर्न पत्रकारहरूलाई तालिम तथा पुनर्ताजगी तालिम अपरिहार्य रहेको औंल्याएको थियो। तथापि, पत्रकारहरूले तालिम प्राप्त गरेको पाइएन। मात्रै १.५ प्रतिशत पत्रकारले मात्र तालिमलाई निरन्तरता दिएको राष्ट्रिय सर्वेक्षणको नतिजाले देखायो।


छापा, रेडियो, टेलिभिजन, अनलाइन र समाचार एजेन्सीको वर्गीकरणअनुसार विश्लेषण गर्दा धेरै तालिम लिनेमा रेडियोमा कार्यरत पत्रकारहरु रहेका छन्। रेडियोमा कार्यरत ३६.२ प्रतिशत (१३२ जना) पत्रकारले विपत् उत्थानशीलता तालिममा भाग लिएको बताएका छन्। तीमध्ये १४.८ प्रतिशतले भूकम्पअघि र २१.४ प्रतिशतले भूकम्पपछि पनि तालिम लिएको उल्लेख गरेका छन् जबकि छापा माध्यममा यो संख्या ३२.९ प्रतिशत (१६२ जना), न्यूज ऐजेन्सीमा ३२.८ प्रतिशत (१९ जना), टेलिभिजनमा २९.१ प्रतिशत (८४ जना) र अनलाइनमा पनि २९.१ प्रतिशत (१६८ जना) रहेको छ।

## के तपाईंले विपद् सबलीकरन सम्बन्धी तालिम लिनुभएको छ?




*चित्र १२*

## के तपाईंले विपद् सबलीकरन सम्बन्धी तालिम लिनुभएको छ?




*चित्र १३*

माथि उल्लिखित तथ्यले भूकम्पअघि र भूकम्पपछि पनि विपत् उत्थानशीलतासम्बन्धी तालिम लिने पत्रकारहरुको संख्या नगन्य रहेको देखाउँछ। भूकम्पअघि तालिम लिने पत्रकारहरुले भूकम्पपछि तालिमलाई निरन्तरता नदिएको यसले प्रष्ट पार्छ। अघिल्लो अनुसन्धानले उल्लेख गरेजस्तै विपद् पत्रकारिताबारे प्रभावकारी तालिमको विस्तार र पुनर्ताजगी जरुरी देखिएको छ।


## विपद् तयारीबारे स्वमूल्याङ्कन

विपद्को तयारीबारे उत्तरदाताहरूको स्वमूल्याङ्कनबारे बुझ्न हामीले नेट प्रोमोटर स्कोरको आँकलन गरेका थियौं (परिशिष्ठ १ हेर्नुहोस्) । चित्र १४ मा देखिएजस्तै ७५.९ प्रतिशत (८६१ जना) उत्तरदाताले ११ अंकको लिकर्ट स्केलमा ६ वा त्यसभन्दा कम अंक प्राप्त गरी राष्ट्रिय तहमा अपूर्ण तयारी रहेको प्रस्टयाएका छन् । यसमध्ये पनि २२.४ प्रतिशत (२५४ जना) ले शून्यदेखि दुई अंकसम्म प्राप्त गरी उनीहरू तयारी अवस्थामा नरहेको स्वमूल्याङ्कन गरेका छन् । अर्कोतर्फ ६.५ प्रतिशत (७५ जना) उत्तरदाताले मात्र आफूहरू तयारी अवस्थामा रहेको स्वमूल्याङ्कन गर्दै ९ देखि १० अंक प्राप्त गरेका छन् ।

प्रदेशबीच तुलना गर्दा सुदूरपश्चिम प्रदेशमा १४.५ प्रतिशत (१२ जना) ले शून्य र ८.४ प्रतिशत (७ जना) ले १० अंक प्राप्त गरेका छन् भने प्रदेश नम्बर ५ मा कुनै पनि अवस्थामा तयार नरहेको बताउने ० देखि २ अंक प्राप्त गर्नेको संख्या २६.३ प्रतिशत (३१ जना) रहेको छ । गण्डकी प्रदेशमा भने ११.१ प्रतिशत (१२ जना) पत्रकारले ९ देखि १० अंक प्राप्त गर्दै विपत् तयारीमा सक्षम रहेको स्वमूल्याङ्कन गरेका छन् ।

**विपद्को बेला तपाईंले आफ्नो तयारीको अवस्थालाई मुल्यांकन गर्दा निम्नमध्ये कुन अंक छनोट गर्नुहुन्छ?**

0 = कुनै पनि तयारी छैन  10 = पूर्ण तयारी छ




*चित्र १४*

यस नतिजाले नेपाली पत्रकारहरू विपत्का बेला पेशागत जिम्मेवारी वहन गर्ने क्षमताबारे कम वा निकै कम विस्वस्त रहेको देखाउँछ । करिब ७० प्रतिशत पत्रकारले विपत्सम्बन्धी तालिम नलिनु वा लिएको बारे विश्वस्त नहुनु र १.५ प्रतिशतले कुनै न कुनै प्रकारको तालिमलाई निरन्तरता दिनुले क्षमता विकासमा स्रोत-साधन लगानी गर्नुपर्ने देखाउँछ ।


## तालिमको आवश्यकता

सर्वेक्षणमा भाग लिने पत्रकारहरुलाई उनीहरुलाई आवश्यक रहेको तालिमका सात क्षेत्रबारे सोधिएको थियो (चित्र १५) । त्यस अलावा उनीहरु कुन विधिबाट तालिम प्राप्त गर्न चाहन्छन् भन्ने विषयमा पनि प्रतिक्रिया लिइएको थियो । तीन चौथाइभन्दा बढी उत्तरदाताले सात वटै विषयमा तालिम भएमा आफूहरुले त्यसको

स्वागत गर्ने बताएका थिए।

नयाँ प्रविधि पत्रकारहरुको धेरै नै रुचाइएको विषय बन्न पुगेको छ। ८७.७ प्रतिशत (९९५ जना) पत्रकार हरुले नयाँ प्रविधिबारे तालिम हुनुपर्नेमा जोड दिएका छन्। त्यसमध्ये पनि सबैभन्दा उच्च ४८.५ प्रतिशत (५५० जना) ले पूर्ण सहमति जनाउँदै यस्तो विषयको तालिममा विशेष जोड दिएका छन्।

खोज तथा अनुसन्धानमूलक पत्रकारिता सबैभन्दा रुचाइएको तालिम बन्न पुगेको छ। ८६.५ प्रतिशत (९८१) पत्रकारले यस्तो तालिम हुनुपर्नेमा सहमति वा पूर्ण सहमति व्यक्त गरेका छन्। त्यसलाई पछ्याउँदै तथ्य जाँच तथा परीक्षणमा ८२.९ प्रतिशत (९४० जना), डिजिटल सुरक्षामा ८१.५ प्रतिशत (९२४), सम्पादकीय तयारीमा ८०.३ प्रतिशत (९११ जना) र सम्पादकीय रणनीतिमा ७८.३ प्रतिशत (८८८) ले




*चित्र १५*

तालिमको आवश्यकतामा जोड दिएका छन्।


## तालिमको माध्यम

अनलाइन तथा वेवसाइटमार्फत तालिम लिन चाहने पत्रकारहरूको संख्या उल्लेख्य रहेको छ। ७८.४ प्रतिशत पत्रकारहरूले अनलाईन विधिको प्रयोगमा सहमति वा पूर्ण सहमति व्यक्त गरेका छन्। साथै, ६९.८ प्रतिशतले अनलाइन भिडियो सेमिनारमा सहमति वा पूर्ण सहमति जनाउँदै तालिमका लागि रुचाइएको दोस्रो माध्यमको रुपमा उल्लेख गरेका छन्।

कोभिड-१९ महाव्याधिपछि भएको बन्दाबन्दी (लकडाउन) मा दूरप्रविधीमा धेरै पत्रकारहरू अभ्यस्त भएका कारण पनि अनलाइन बिधी धेरैको रोजाईमा परेको हुनसक्छ। अर्को महत्वपूर्ण कारण धेरै पत्रकारहरू देशका दुर्गम स्थानमा कार्यरत रहेको हुँदा काठमाडौ आउजाउ सहज नहुने भएकाले पनि उनीहरूको रोजाई अनलाई बिधीमा परेको हुनसक्छ।

डिजिटल माध्यमबाहेक पत्रकारहरूले भौतिक उपस्थितिमा हुने तालिम पनि आफ्नो रोजाईमा राखेका छन्। काठमाडौंबाहेक स्थानमा भौतिक उपस्थितिमै तालिम चाहनेहरूको संख्या ६८.२ प्रतिशत (७७३ जना) रहेको छ भने काठमाडौंमा तालिम लिन चाहनेहरू ५४.४ प्रतिशत (६१७ जना) रहेको छ। तालिमको माध्यमको रुपमा पोडकास्ट सबैभन्दा कम रुचाइएको छ। तथापि यो विकल्प ४६.६ प्रतिशत (५२९ जना) को छनोटमा रहेको हुँदा यो विकल्पको सान्दर्भिकता भने छ।

## पत्रकारिता तालिमका लागि म निम्न माध्यम मन पराउँछु




चित्र १६

# क्रियाकलापका क्षेत्रहरू

यस राष्ट्रिय सर्वेक्षणले नेपालको पत्रकारिता उद्योगमा कोभिड-१९ महाव्याधिको गम्भीर असर परेको देखाएको छ। २०७२ सालको भूकम्पले पुऱ्याएको क्षतिलाई विस्तारै पुर्दैआएको नेपाललाई कोभिड-१९ महाव्याधिले थप संकटमा पारेको छ। महाव्याधिले पत्रकारहरूको मानसिक स्वास्थ्य र आर्थिक अवस्थालाई त असर गरेको छ नै, त्यसअलावा समाचार संकलन, समाचार उत्पादन तथा समाचार वितरण अभ्यासमा देशव्यापीरुपमा नकारात्मक असर पारेको छ। सर्वेक्षणले विपत् उत्थानशीलतासम्बन्धी क्षमता विकासको आवश्यकतालाई औंल्याएको छ। विपत् उत्थानशीलतासम्बन्धी क्षमता विकासका लागि राष्ट्रिय र क्षेत्रीय तहमा लगानीको टट्कारो आवश्यकतासमेत देखिएको छ।

मननीय के छ भने, कोभिड-१९ को असर संक्रमणमा मात्र सीमित छैन, यसभन्दा निकै परसम्म फैलिएको छ। नेपालमा पत्रकारहरूमा कोभिड-१९ को संक्रमणको दर कम भएको सर्वेक्षणले देखाएको छ तर यसका सामाजिक असरहरू ठूला छन्। पत्रकारहरूलाई परेको असरको दायरा विभिन्न स्वरुपको छ। संकटले पत्रकारिता क्षेत्रमा विभिन्न अट्चनसमेत सिर्जना गरेको छ। महाव्याधिले निम्त्याएको संकटको उपचार कार्यमा समेत यस्ता अट्चनहरूले असर पार्नेछन्। विपत् र संकटमा पत्रकारिताको भूमिका महत्वपूर्ण हुने कुरालाई मध्यनजर गर्दै यस राष्ट्रिय सर्वेक्षणको नतिजाले निम्न चार क्षेत्रमा तत्काल कार्य गर्नुपर्ने देखाएको छ :

## मनोवैज्ञानिक उत्थानशीलता

- ✪ सरकारले संघीय तथा प्रादेशिक तहमा पत्रकारहरूको मानसिक स्वास्थ्यलाई मुख्य प्राथमिकतामा राख्नुपर्छ र पत्रकारहरू प्रत्यक्ष लाभान्वित हुने कार्यमा स्रोत-साधन लगाउनुपर्छ जस्तै ट्रमा सञ्जालको स्थापना, पराशर्मको सुविधा आदि।
- ✪ समाचार संस्था तथा सञ्चार क्षेत्रमा क्रियाशील राष्ट्रिय र क्षेत्रीय संघ-संस्थाहरूको प्रतिबद्धता आवश्यक छ। पत्रकारहरूको भावनात्मक र मानसिक स्वास्थ्यको रक्षा गर्न उनीहरूले सरकार, गैरसरकारी संस्था तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थालगायतका सरोकारवाला निकायहरूसँग मिलेर काम गर्नुपर्दछ।

## आर्थिक उत्थानशीलता

- ✪ धराशयी अवस्थामा रहेका समाचार संस्था र पत्रकारहरूलाई पेशागत निरन्तरताका लागि आवश्यकतामा आधारित अल्पकालीन सहयोग गर्नुपर्दछ। पत्रकार तथा मिडियाकर्मीहरूलाई पीपीईलगायत अन्य खालका विपत्मा आवश्यक पर्ने सामग्रीमा पहुँच बनाउन सहयोग गर्नुपर्दछ।
- ✪ आर्थिक अभावलाई सहजीकरण गर्न, विशेषगरी समाचारकर्मीहरूको पारिश्रमिक भुक्तानीलाई सहज बनाउन सरकारले अल्पकालीन ऋण प्रदान गर्नुपर्दछ।
- ✪ समाचार तथा सञ्चार संस्थाहरूले विपत्का बेला पेशा तथा व्यवसायलाई निरन्तरता दिन, विशेषगरी समाचार माध्यमलाई निरन्तारता दिन तथा पेशाकर्मीहरूलाई समयमै पारिश्रमिक भुक्तानी गर्न आपत्कालीन कोषको स्थापना गर्नुपर्दछ।

## स्वास्थ्य सुरक्षा र उत्थानशीलता

- समाचार तथा सञ्चार संस्थाहरूले पीपीईको प्रयोग तथा उपलब्धता, भौतिकदूरी लगायतका विषयमा स्पष्ट निर्देशिका निर्माणलगायतका सहजीकरण गर्न सरकार, गैरसरकारी संस्था तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थालगायतका निकायहरूसँग मिलेर काम गर्नुपर्दछ।

## भविष्यका लागि विपद् उत्थानशीलता


- सरकार, समाचार संस्था, गैरसरकारी संस्था, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थालगायत सबै सरोकारवाला निकायहरूले नेपालको विपद् जोखिम कम गर्न पत्रकारहरूलाई विपत्सम्बन्धी तालिम प्रदान गर्नुपर्ने विषयलाई मुख्य प्राथमिकतामा राख्नुपर्दछ। तालिमलगायतका क्षमता विकासका लागि लगानी बढाउनुपर्दछ र समाचार संस्थाहरूलाई राष्ट्रिय विपत् न्यूनीकरण योजनासँग एकीकृत गराउनुपर्दछ।
- शैक्षिक तथा तालिमसँग सम्बन्धित संस्थाहरूले पत्रकारका लागि विपत्सम्बन्धी तालिमको क्षेत्र विस्तार गर्नुपर्छ जस्तै प्रविधि, खोज पत्रकारिता, तथ्य परीक्षण, साइबर सुरक्षा आदिमा विषयमा तालिम दिनुपर्दछ।
- नेपाली पत्रकारलाई विपत् पत्रकारिता तालिम प्रदान गर्न र त्यसलाई निरन्तरता दिन समाचार संस्था तथा पत्रकारितासँग सम्वन्धित संघसंस्थाहरूले सरकार, गैरसरकारी संस्था, शैक्षिक संस्था, संयुक्त राष्ट्र संघीय निकायसँग मिलेर काम गर्नुपर्दछ।
- समाचार संस्थाहरूले विपत्सँग जुध्न समाचार कक्षलाई तयारी अवस्थामा राख्नका लागि स्पष्ट सम्पादकीय निर्देशिका तथा संहिता निर्माण गर्न आवश्यक सहजीकरण गर्नुपर्दछ।

# परिशिष्ट १:
# विधि

प्रस्तुत सर्वेक्षण माइक्रोसफ्ट फर्म प्रयोग गरी नेपाली र अंग्रेजी दुवै भाषामा सञ्चालन गरिएको थियो। फाराम इमेल, भाइबर र फेसबुक मेसेन्जरबाट नेपाल प्रेस इन्स्टिच्युटले सबै सातै प्रदेशमा कार्यरत पत्रकारलाई प्रेषित गरेको थियो। सर्वेक्षण १० जुलाई २०२० को नेपाली समयअनुसार बिहान ११ बजेदेखि २४ जुलाई २०२० को मध्यरात १२ बजेसम्म सञ्चालन गरिएको थियो।

यस सर्वेक्षणमा १,१६६ पत्रकारले प्रतिक्रिया दिएका छन्। त्यसमध्ये ९७ प्रतिशत (१,१३४ जना) ले आफ्नो सहभागिताका लागि सहमति जनाएका थिए। सर्वेक्षणमा वाग्मती प्रदेशबाट सबैभन्दा धेरै सहभागिता थियो। संघीय राजधानीसमेत रहेको र जनघनत्व धेरै भएको वाग्मती प्रदेशबाट सर्वाधिक ३७ प्रतिशत (४२६ जना) को सहभागिता भयो। सबै प्रदेशको तुलनात्मक सहभागिताबारे तलको चित्रमा हेर्न सकिन्छ।

**प्रान्त अनुसार उत्तरदाताहरूको संख्या**




## लैङ्गिक पहिचानअनुसार सहभागिता

माथिको चित्रमा उल्लेख भएअनुसार यस सर्वेक्षणमा ८० प्रतिशत (९१२ जना) पुरुष र १९ प्रतिशत (२१८ जना) महिला सहभागी थिए भने ०.३ प्रतिशत (४ जना) लैङ्गिक पहिचानमा 'अन्य' छनोट गरेका व्यक्ति थिए। उत्तरदातामा पुरुषको संख्या उल्लेख्य हुनुले नेपालको समाचार उद्योगमा पुरुषको बाहुल्य रहेको देखाउँछ। पुरुषको तुलनामा महिला पत्रकारको सबैभन्दा कम सहभागिता प्रदेश नम्बर २ बाट १३.५ प्रतिशत रहेको थियो भने महिलाको दोस्रो कम प्रतिनिधित्व सुदूरपश्चिम प्रदेशमा (१४.४ प्रतिशत) रहेको थियो। सबैभन्दा धेरै अर्थात महिला सहभागिताको २३.७ प्रतिशत हिस्सा वाग्मती प्रदेशबाट भएको थियो।


## संस्थाको प्रकृतिअनुसार सहभागिता

छापा, रेडियो, टेलिभिजन, अनलाइन र समाचार एजेन्सीमा कार्यरत पत्रकारहरू सर्वेक्षणमा सहभागी भएका थिए (तलको चित्र हेर्नुहोस्) । सहभागिता जनाउनेमध्ये ४८ प्रतिशत (५४० जना) ले आफूलाई अनलाइन पत्रकारको रुपमा उल्लेख गरेका थिए। अनलाइन माध्यमलाई पछ्याउँदे उल्लेख्य संख्यामा छापा पत्रकारहरूले सहभागिता जनाएका थिए। छापा माध्यमबाट ४१ प्रतिशत (४६९ जना) ले सहभागिता जनाएका थिए। त्यसैगरी रेडियोबाट ३० प्रतिशत (३४० जना), टेलिभिजनबाट २४ प्रतिशत (२७१ जना) र समाचार ऐजेन्सीबाट ५ प्रतिशत (५७ जना) पत्रकारहरूको सहभागिता रहेको थियो। अर्को महत्वपूर्ण पक्ष के थियो भने धेरै पत्रकारले एकभन्दा धेरै प्रकृतिको माध्यममा कार्यरत पत्रकारको रुपमा आफ्नो परिचय दिएका थिए, जस्तै प्रिन्ट र अनलाइन।

प्रदेशअनुसारका माध्यमको प्रकृतिका आधारमा उत्तरदाताको संख्यामा विविधता देखिएको थियो। समग्रमा अनलाइन लोकप्रिय माध्यम देखिए पनि प्रदेश नम्बर १ मा छापामाध्यम लोकप्रिय पाइयो। यस प्रदेशबाट सहभागी हुने उत्तरदातामा ५३ प्रतिशत (९८ जना) उत्तरदाता छापा माध्यम र ५० प्रतिशत (९२ जना) उत्तरदाता अनलाइन माध्यममा कार्यरत रहेका थिए।

प्रदेश नम्बर २ मा ५३ प्रतिशत (६२ जना) पत्रकारहरूले अनलाइन माध्यममा र ४७ प्रतिशत (५६ जना) ले छापा माध्यममा कार्यरत रहेको उल्लेख गरेका थिए। वाग्मती प्रदेशमा अनलाइन माध्यमबाट ४७ प्रतिशत (१९९ जना) र छापा माध्यमबाट ३४ प्रतिशत (१४६ जना) पत्रकारको सहभागिता रहेको थियो। गण्डकी प्रदेशमा अनलाइन माध्यमबाट ४५ प्रतिशत (४९ जना) र छापा माध्यमबाट ४४ प्रतिशत (४७ जना) पत्रकारको सहभागिता रहेको थियो भने रेडियोबाट ४२ प्रतिशत (४५ जना) को सहभागिता रहेको थियो।

प्रदेश नम्बर ५ का सहभागीमध्ये अनलाइनबाट ४९ प्रतिशत (५८ जना) र रेडियोबाट ४८ प्रतिशत (५७ जना) पत्रकारको सहभागिता रहेको थियो। कर्णाली प्रदेशमा पनि सबैभन्दा उच्च अर्थात ४१ प्रतिशत



(४० जना) पत्रकारहरू अनलाइन माध्यमबाट नै सहभागी थिए भने ३६ प्रतिशत (३५ जना) पत्रकार छापा माध्यमबाट थिए।

त्यसैगरी सुदूरपश्चिम प्रदेशमा पनि अनलाइन माध्यमबाट सबैभन्दा उच्च अर्थात ४८ प्रतिशत (४० जना) को सहभागिता रहेको थियो भने छापा माध्यमबाट ४६ प्रतिशत (३८ जना) पत्रकारको सहभागिता रहेको थियो।

सहभागितालाई आधार मान्दा वाग्मती र प्रदेश नम्बर ५ बाहेक अन्य सबै प्रदेशमा रेडियो तेस्रो लोकप्रिय सञ्चार माध्यमको रुपमा देखिएको छ। वाग्मती प्रदेशमा २३ प्रतिशत (९८ जना) उत्तरदाता टेलिभिजनमा र २१ प्रतिशत (८९ जना) रेडियोमा कार्यरत रहेका थिए भने प्रदेश नम्बर ५ मा दोस्रो उच्च सहभागिता रेडियोबाट रहेको थियो। यस प्रदेशका ४८ प्रतिशत (५७) उत्तरदाताले आफू रेडियोमा कार्यरत र ४२ प्रतिशत (४९ जना) ले छापा माध्यममा कार्यरत रहेको उल्लेख गरेका थिए।

मिडियाको प्रकृतिअनुसार सहभागिताको संख्या हेर्दा समाचार एजेन्सीमा कार्यरत पत्रकारहरू सबैभन्दा कम थिए। समाचार एजेन्सीबाट प्रदेश नम्बर २ मा सबैभन्दा धेरै ८ प्रतिशत सहभागिता थियो भने कर्णाली प्रदेशबाट सबैभन्दा कम ३ प्रतिशत सहभागिता रहेको थियो।

## वास्तविक प्रवर्द्धक मापन (नेट प्रोमोटर स्केल)

विपत्को तयारीबारे पत्रकारहरूको बुझाइ थाहा पाउन हामीले वास्तविक प्रवर्द्धक मापन अर्थात नेट प्रोमोटर स्केल (एनपीएस) को लेखाजोखा गरेका थियौं। एनपीएसको प्रयोग सामान्यतः ब्रान्डको बजारीकरणमा प्रयोग हुने गरे तापनि पत्रकारहरूको स्वमूल्यांकनमा आधारित उत्थानशीलताको अवस्थाबारे बुझ्न पनि सान्दर्भिक हुने भएकाले हामीले एनएसपीको प्रयोग गरेका हौं। यसले सहभागीहरूले विपत्को तयारी अरुको तुलनामा कुन हदसम्म गरेका रहेछन् भन्नेबारेको बुझाइ प्रस्ट पार्दछ।

| | |
|---|---|
| Promoters | 75 |
| Passives | 198 |
| Detractors | 861 |





तपाईंले विपत्को तयारीबारे कसरी मूल्याङ्कन गर्नुहुन्छ भनेर हामीले शुन्यदेखि १० अंकभित्र आफूलाई मूल्याङ्कन गर्न आग्रह गरेका थियौं। ९ देखि १० अंक प्रदान गर्ने उत्तरदातालाई हामीले प्रवर्द्धकको रुपमा वर्गीकृत गरेका थियौं। यसले उनीहरू विपत्को तयारीप्रति उत्साहित रहेको र अरुसमक्ष पनि विपत् तयारीलाई प्रवर्धन गर्ने सम्भावना रहेको देखाउँछ। ७ देखि ८ अंक प्रदान गर्ने सहभागीहरूलाई निष्क्रिय र शुन्यदेखि ६ अंक प्रदान गर्नेलाई आलोचकको रुपमा वर्गीकरण गरेका थियौं। आलोचकको प्रतिशतलाई प्रवर्द्धकबाट घटाई वास्तविक प्रवर्द्धक अंक निकालेका थियौं। यस सर्वेक्षणले सहभागीहरूको प्रवर्द्धक अंक ६९ रहेको देखाएको छ यसबाट विपत् तयारीको अवस्था कमजोर रहेको पुष्टि हुन्छ।


# प्रदेश नम्बर १

प्रदेश नम्बर १ मा पुरुषको सहभागिता अन्य प्रदेशजस्तै उल्लेख्य संख्यामा रहेको थियो। यस प्रदेशबाट अन्य प्रदेशको तुलनामा केही बढी अर्थात ८६ प्रतिशत पुरुषबाट प्रतिक्रिया प्राप्त भएको थियो, जबकि पुरुष सहभागीको राष्ट्रिय औसत दर ८० प्रतिशत रहेको थियो। प्रदेश नम्बर १ मा लैङ्गिक पहिचान 'अन्य' उल्लेख गर्ने सहभागीको संख्या शुन्य रहेको थियो।

छापा माध्यमको राष्ट्रिय औसत ४१ प्रतिशत रहे पनि प्रदेश नम्बर १ मा छापा माध्यमबाट ५३ प्रतिशतको सहभागिता रहेको थियो भने अनलाइन माध्यमको राष्ट्रिय औसत ४८ प्रतिशत रहेकोमा यस प्रदेशमा ५० प्रतिशतको सहभागिता थियो।




चित्र क १




चित्र क २

## पत्रकारमा परेको प्रभाव

सर्वेक्षणमा राष्ट्रिय प्रवृत्तिको रुपमा देखिएका कोभिड-१९ का असरहरू यस प्रदेशमा पनि देखिएका छन्। बढ्दो जोखिम (८६ प्रतिशत), चिन्ता (७९ प्रतिशत) र आर्थिक कठिनाइ (७७ प्रतिशत) मुख्य चुनौतीका रुपमा देखिएका छन्। यी तीन क्षेत्रमा प्रदेश १ को अनुभव राष्ट्रिय औसतभन्दा केही उच्च देखिएको छ। आफन्त तथा इस्टमित्रबाट सम्पर्कविच्छेद, निद्राबाट वञ्चित, चरम निराशा र समाचारबाट उत्पन्न तनाब तुलनात्मकरुपमा कम चासोका विषयको रुपमा पाइयो।


## समाचार संकलन अभ्यासमा आएको परिवर्तन

राष्ट्रिय औसतको तुलनामा यस प्रदेशबाट ३ प्रतिशतले बढी अर्थात ८६ प्रतिशत उत्तरदाताले इन्टरनेटमा आधारित खोजअनुसन्धान गरिरहेकोमा सहमति वा पूर्ण सहमति जनाएका थिए। संकट आउनुभन्दा अघि ध्यान नदिए पनि संकट आइसकेपछि इन्टरनेटमा आधारित खोजअनुसन्धान गरिरहेको उनीहरूको प्रतिक्रिया थियो। समाचारका लागि मोबाइल फोन, भिडियो तथा तस्वीर प्रयोग गर्ने पत्रकारको संख्या भने यो प्रदेशमा तुलनात्मकरुपमा थोरै देखिएको थियो। मोबाइल फोन, भिडियो तथा तस्वीर प्रयोग गर्ने पत्रकारको संख्या राष्ट्रिय औसत ८३ प्रतिशतको तुलनामा न्यून अर्थात् ७९ प्रतिशत थियो।

## समाचार माध्यम र सामग्रीमा परिवर्तन

अन्य प्रदेशको शैली प्रवृत्ति पछ्याउँदै प्रदेश नम्बर १ मा छापा माध्यम प्रकाशनको आवृत्ति (फ्रीक्वेन्सी) र पेज नम्बर घटेको पाइएको छ भने श्रव्य र श्रव्य-दृश्य सामग्री र प्रसारण सामग्रीको उत्पादन घटेको

प्रदेश नम्बर १ - निम्न विषयहरुमा तपाईंको कस्तो अनुभव रहेको छ, मूल्यांकन गर्नुहोस्




*चित्र क ३*

उत्तरदाताहरूले बताएका थिए। यहाँका ५० प्रतिशत उत्तरदाताले छापा माध्यमको प्रकाशन फ्रीक्वेन्सी घटेको, ५६ प्रतिशतले छापा माध्यमको पृष्ठ घटेको र ४३ प्रतिशत टेलिभिजन पत्रकारले प्रसारण सामग्रीको उत्पादन घटेको बताएका थिए।

## समाचार संस्थाबाट सम्बन्धी सहयोग


प्रदेश नम्बर १ का पत्रकारले दिएको प्रतिक्रिया अन्य प्रदेशबाट प्राप्त प्रतिक्रियासँग मिल्दोजुल्दो नै छ। बहुसंख्यक अर्थात ५६ प्रतिशतले आफू कार्यरत समाचार संस्थाले काम गर्ने समयमा खुकुलो व्यवस्थापन अवलम्वन गरेको बताएका थिए। मनोवैज्ञानिक परामर्श प्राप्त गर्नेहरू भने २८ प्रतिशत मात्र रहेका थिए।

## तालिमको आवश्यकता

प्रदेश नम्बर १ मा तालिमको माध्यमबारे पत्रकारहरूको रुचि राष्ट्रिय औसतको हाराहारीमा देखिएको छ। विकल्पमा दिइएका सात वटै माध्यम तीन चौथाइभन्दा बढी उत्तरदाताहरूको रुचिमा रहेको छ।


प्रदेश नम्बर 1 मा तालिको माध्यमबारे पत्रकारहरूको रुचि राष्ट्रिय प्रवृत्तिअनुरुप देखिएको छ जसमा अनलाइन वेबसाइट सामग्रीमार्फत तालिम लिन सहमत हुनेको संख्या ७७ प्रतिशत रहेको छ भने भिडियो वेबिनार ६७ प्रतिशतको छनोटमा रहेको छ। त्यसअलावा, भौतिक उपस्थितिमै आ ँनै प्रदेशमा तालिम चाहनेहरूको संख्या पनि उल्लेखनीय (७२ प्रतिशत) रहेको छ।

प्रदेश नम्बर १ - तपाईंले गर्ने समाचार संकलन÷उत्पादन अभ्यासमा कस्तो परिवर्तन आएको छ?





चित्र क ४

प्रदेश नम्बर १ - समाचार संस्थाले तपाईलाई कोभिड–१९ सँग सम्बन्धित निम्नअनुसारको कुनै सहयोग गरेको छ?





चित्र क ५

### प्रदेश नम्बर १ - के तपाई कार्यरत समाचार संस्थाले कोभिड–१९ महाव्याधि देखा परेपछि निम्न कुराहरुमा केही परिवर्तन गरेको छ?





*चित्र क ६*

### प्रदेश नम्बर १ - निम्न विधामा तालिम प्रदान गरिएको खण्डमा व्यक्तिगतरूपमा म त्यसको स्वागत गर्दछु




*चित्र क ७*

### प्रदेश नम्बर १ - पत्रकारिता तालिमका लागि म निम्न माध्यम मन पराउँछु





*चित्र क ८*


# प्रदेश २

प्रदेश नम्बर २ मा पनि पुरुष उत्तरदाताको संख्या अत्यधिक रहेको थियो । यस प्रदेशबाट पुरुष सहभागी ८६ प्रतिशत थिए भने देशव्यापी औसत पुरुष सहभागिता ८० प्रतिशत रहेको थियो । यस प्रदेशमा लैङ्गिक पहिचान 'अन्य' उल्लेख गर्ने सहभागी थिएनन् ।

प्रदेश नम्बर २ मा अनलाइन माध्यममा संलग्न रहेको बताउने सहभागीहरूको संख्या ५३ प्रतिशत रहेको थियो। यसलाई पछ्याउँदै छापा माध्यमबाट ४७ प्रतिशत र रेडियोबाट त्योभन्दा न्यून ३२ प्रतिशत उत्तरदाताको सहभागिता रहेको थियो। प्रदेश २ मा समाचार एजेन्सीमा कार्यरत पत्रकारहरूको सहभागिता ५ प्रतिशतको देशव्यापी औसतभन्दा उच्च अर्थात ८ प्रतिशत थियो।




चित्र ख १




चित्र ख २

## पत्रकारलाई परेको असर

कोभिड-१९ ले प्रदेश नम्बर २ का पत्रकारहरूको मानसिक स्वास्थ्य र आर्थिक अवस्थामा पारेको प्रभाव वा असर देशव्यापी प्रवृत्तिअनुरुप नै छ। दुःख महसुस गर्ने पत्रकारको संख्या राष्ट्रिय औसत (६२ प्रतिशत) भन्दा ९ प्रतिशतले बढी थियो। चिन्ता बढेको उल्लेख गर्नेको संख्या पनि ४ प्रतिशत बढी रहेको थियो भने महाव्याधिले आर्थिक कठिनाइ सिर्जना गरेको बताउनेहरूको संख्या पनि राष्ट्रिय औसतभन्दा ५ प्रतिशतले बढी थियो। त्यसैगरी २५ प्रतिशतको देशव्यापी औसतको तुलनामा यस प्रदेशका ३४ प्रतिशत पत्रकारले कोभिड-१९ को कारण चरम निशारा अनुभव गरेको बताएका थिए।


## समाचार संकलन अभ्यासमा आएको परिवर्तन

प्रदेश नम्बर २ मा मोबाइल फोन भिडियो र तस्वीरको प्रयोग महाव्याधिपछि बढेको उल्लेख गर्नेको संख्या उच्च रहेको छ। ५७ प्रतिशतको राष्ट्रिय औसतभन्दा बढी अर्थात ७४ प्रतिशतले यस प्रकारको जबाफ दिएका थिए। तर पूर्ण सहमत हुनेहरूको देशव्यापी औसत २६ रहे पनि यस प्रदेशको हिस्सा १७ प्रतिशत मात्र रहेको थियो। यसका साथै ७ प्रतिशतभन्दा बढी पत्रकारले आर्थिक कठिनाइका कारण समाचार तयार पार्न र खोज-अनुसन्धान गर्न नसकेको बताएका थिए। यस्तो उल्लेख गर्नेहरूको देशव्यापी औसत भने ६४ प्रतिशत थियो।

## समाचार माध्यम र सामग्रीमा आएको परिवर्तन

प्रसारण उत्पादन घटेको उल्लेख गर्ने पत्रकारहरूको संख्या प्रदेश नम्बर २ मा ५९ प्रतिशत थियो जुन ४३

प्रदेश नम्बर २ - निम्न विषयहरुमा तपाईंको कस्तो अनुभव रहेको छ, मूल्यांकन गर्नुहोस्




*चित्र ख ३*

प्रतिशतको राष्ट्रिय औसतभन्दा उच्च हो। छापा माध्यमको पृष्ठ घटेको बताउने छापा पत्रकाहरूको संख्या यस प्रदेशमा ४३ प्रतिशत थियो जबकि राष्ट्रव्यापी औसत ५५ प्रतिशत रहेको थियो। त्यसैले पृष्ठ घट्ने हदसम्मको अवरोध यस प्रदेशमा कम देखिएको सहभागीहरूको प्रतिक्रियाले देखाउँछ।

## समाचार संस्थाबाट सहयोग


राष्ट्रिय औसतभन्दा प्रदेश नम्बर २ का उत्तरदाताहरूले आफ्नो समाचार संस्थाबाट राम्रो सहयोग पाएको उनीहरूको प्रतिक्रियाले देखाएको छ। ७० प्रतिशत उत्तरदाताले परिवारको हेरचाहका लागि समाचार संस्थाले समय प्रदान गरेकोमा सहमति वा पूर्ण सहमति जनाएका छन्। राष्ट्रिय औसत भने त्यसभन्दा बढी अर्थात ४७ प्रतिशत छ। त्यसैगरी यस प्रदेशका ५६ प्रतिशत उत्तरदाताले नयाँ कार्य पद्धतिबारे संस्थाबाट मार्गदर्शन प्राप्त गरेको उल्लेख गरेका छन् जुन राष्ट्रिय औसतमा ४९ प्रतिशत छ।

## तालिमको आवश्यकता

प्रदेश नम्बर २ मा पत्रकारहरूले रुचाएको तालिमको विकल्प देशव्यापी प्रवृत्तिसँग मिल्दोजुल्दो छ। नयाँ प्रविधिसम्बन्धी तालिममा सहमत वा पूर्ण सहमत हुनेको संख्या ८८ प्रतिशतको देशव्यापी औसतभन्दा थोरै कम अर्थात ८६ प्रतिशत छ। यस प्रदेशका उत्तरदाताले सबै खालका विषयमा तालिम रुचाएका छन्।


प्रदेश नम्बर २ मा उत्तरदाताहरूको विचार तालिम सञ्चालनका उपलब्ध माध्यममा थोरै सकारात्मक देखिएको छ। तथापि, सहभागीहरूको मत सबै विषयहरूमा सन्तुलित रुपमा अभिव्यक्त भएको छ। काठमाडौंमा भौतिक उपस्थितिमै कार्यशाला सञ्चालन हुनुपर्नेमा ४० प्रतिशतले असहमति (पूर्ण असहमतिसहित) जनाएका छन् भने ४७ प्रतिशतले सहमति जनाएका छन्। आफ्नै प्रदेशमा कार्यशाला चाहनेको हिस्सा भने ७० प्रतिशत रहेको छ।

## प्रदेश नम्बर २ - तपाईंले गर्ने समाचार संकलन÷उत्पादन अभ्यासमा कस्तो परिवर्तन आएको छ?





*चित्र ख ४*

## प्रदेश नम्बर २ - समाचार संस्थाले तपाईलाई कोभिड–१९ सँग सम्बन्धित निम्नअनुसारको कुनै सहयोग गरेको छ?





*चित्र ख ५*

प्रदेश नम्बर २ - के तपाईं कार्यरत समाचार संस्थाले कोभिड–१९ महाव्याधि देखा परेपछि निम्न कुराहरुमा केही परिवर्तन गरेको छ?





चित्र ख ६

प्रदेश नम्बर २ - निम्न विधामा तालिम प्रदान गरिएको खण्डमा व्यक्तिगतरूपमा म त्यसको स्वागत गर्दछु




चित्र ख ७

प्रदेश नम्बर २ - पत्रकारिता तालिमका लागि म निम्न माध्यम मन पराउँछु





चित्र ख ८


# वाग्मती प्रदेश

वाग्मती प्रदेशमा अन्य प्रदेशजस्तै पुरुष सहभागीहरूको बाहुल्य रहेको थियो। राष्ट्रिय औसतभन्दा महिला सहभागीको संख्या भने यस प्रदेशमा बढी थियो। राष्ट्रिय औसतमा महिला सहभागिता १९ प्रतिशत मात्र भए तापनि यस प्रदेशबाट २४ प्रतिशत महिला सहभागिता रहेको थियो।

वाग्मती प्रदेशमा अनलाइनबाट सबैभन्दा बढी अर्थात ४७ प्रतिशत सहभागिता रहेको थियो। यसलाई पछ्याउँदै ३४ प्रतिशत सहभागिता छापा माध्यमबाट रहेको थियो जबकि छापा माध्यमबाट सहभागी हुनेको राष्ट्रिय औसत ४१ प्रतिशत थियो। त्यसैगरी रेडियोबाट ३० प्रतिशतको राष्ट्रिय औसतको तुलनामा यस प्रदेशबाट न्यून अर्थात २१ प्रतिशत रेडियोकर्मीको सहभागिता थियो भने समाचार एजेन्सीबाट सबैभन्दा कम अर्थात ४ प्रतिशत सहभागिता थियो।




चित्र ग १




चित्र ग २

## पत्रकारलाई परेको असर

वाग्मती प्रदेशका सहभागीका लागि आर्थिक कठिनाइको असर तुलनात्मकरुपमा कम रहेको पाइयो। यस प्रदेशका ३५ प्रतिशत उत्तरदाताले आर्थिक कठिनाइ महसुस गरेकोमा सहमति जनाए भने ३१ प्रतिशतले पूर्ण सहमत रहेको बताए, जबकि राष्ट्रिय औसतमा क्रमशः ४३ र ३१ प्रतिशत रहेको थियो। वाग्मती आर्थिक केन्द्र र धेरै सञ्चार माध्यमको उपस्थिति रहेको प्रदेश भएका कारणले पनि सहभागीहरूको यस्तो प्रतिक्रिया आएको हुनसक्दछ।


## समाचार संकलन अभ्यासमा आएको वरिवर्तन

वाग्मती प्रदेशमा समाचार संकलन अभ्याससम्बन्धी नतिजा भने अन्य प्रदेशहरूसँग मिल्दोजुल्दो रहेको छ। राष्ट्रिय औसतभन्दा पूर्णरुपमा सहमत हुनेको संख्या धेरै रहेको थियो। जस्तै इन्टरनेटमार्फत खोजअनुसन्धान बढेको विकल्पमा पूर्ण सहमत हुने पत्रकारहरूको संख्या राष्ट्रिय औसतमा २२ प्रतिशत रहेकोमा यस प्रदेशबाट २८ प्रतिशत थियो। त्यसैगरी फिल्ड वा कार्यालयभन्दा घरबाटै काम गरिरहेको अवस्थाको विकल्पमा पूर्ण सहमत हुनेहरूको संख्या २५ प्रतिशत थियो, जबकि राष्ट्रिय औसत १९ प्रतिशत मात्र थियो।

## समाचार माध्यम र सामग्रीमा आएको परिवर्तन

अन्य प्रदेशजस्तै वाग्मतीमा पनि छापामाध्यम प्रकाशनको आवृत्ति तथा पृष्ठ घटेको, श्रव्य, श्रव्यदृश्य तथा प्रसारण सामग्रीको उत्पादन घटेको नतिजा आएको थियो। ४८ प्रतिशतको राष्ट्रिय औसतभन्दा केही

बागमती प्रदेश - निम्न विषयहरुमा तपाईंको कस्तो अनुभव रहेको छ, मूल्यांकन गर्नुहोस्




*चित्र ग ३*

कम अर्थात ४५ प्रतिशतले समाचार माध्यम/सामग्रीमा यस्तो परिवर्तन आएको उल्लेख गरे। तर, छापा माध्यमको पृष्ठ घटेको बताउने छापा पत्रकारहरूको हिस्सा भने ५५ प्रतिशतको राट्रिय औसतभन्दा बढी अर्थात ६९ प्रतिशत रहेको थियो।

## समाचार संस्थाबाट सहयोग


वाग्मती प्रदेशमा कामको अवधिमा समाचारसंस्थाबाट लचकता प्राप्त गर्नेको संख्या अन्य प्रदेशको तुलनामा केही उच्च रहेको छ। यो संख्या राष्ट्रिय औसतमा ५६ प्रतिशत रहेकोमा यस प्रदेशमा ५९ प्रतिशत रहेको छ। सामाजिक सहयोग प्राप्त गर्नेहरू भने २७ प्रतिशत रहेका छन् जबकि यसको राष्ट्रिय औसत ३९ प्रतिशत रहेको छ। त्यसैगरी परिवारको हेरचाहका लागि समय पाएकोमा ३९ प्रतिशत सहमत (पूर्ण सहमतसहित) रहेका छन् जसको राष्ट्रिय औसत ४६ प्रतिशत रहेको छ।

## तालिमको आवश्यकता

अन्य प्रदेशजस्तै वाग्मतीमा पनि सबै विषयको तालिम रोजाइमा परेको छ। नयाँ प्रविधिमा तालिम रुचाउनेहरू सबैभन्दा उच्च अर्थात ८७ प्रतिशत र खोज पत्रकारिता रुचाउनेहरू ८४ प्रतिशत रहेका छन्। विकल्पमा दिइएका अन्य विषयहरूमा तालिम लिन रुचाउनेहरूको संख्या पनि उच्च रहेको छ।


वाग्मती प्रदेशका पत्रकारहरूको रुचि पनि राष्ट्रिय प्रवृत्तिसँग मिल्दोजुल्दो देखिएको छ। वेबसाइट सामग्री र वेबिनार रुचाउनेको संख्या यस प्रदेशमा उच्च रहेको छ। त्यसबाहेक, भौतिक उपस्थितिमै काठमाडौं (आफ्नै प्रदेश) मा तालिम लिन ६२ प्रतिशत सहमत छन्। ४९ प्रतिशत उत्तरदाताको छनोटमा परेको पोडकास्ट सबैभन्दा कम रुचाइएको माध्यम बन्न पुगेको छ।

### बागमती प्रदेश - तपाईंले गर्ने समाचार संकलन÷उत्पादन अभ्यासमा कस्तो परिवर्तन आएको छ?





चित्र ग ४

### बागमती प्रदेश - समाचार संस्थाले तपाईलाई कोभिड–१९ सँग सम्बन्धित निम्नअनुसारको कुनै सहयोग गरेको छ?





चित्र ग ५

बागमती प्रदेश - के तपाईं कार्यरत समाचार संस्थाले कोभिड–१९ महाव्याधि देखा परेपछि निम्न कुराहरुमा केही परिवर्तन गरेको छ?





चित्र ग ६

बागमती प्रदेश - निम्न विधामा तालिम प्रदान गरिएको खण्डमा व्यक्तिगतरूपमा म त्यसको स्वागत गर्दछु




चित्र ग ७


बागमती प्रदेश - पत्रकारिता तालिमका लागि म निम्न माध्यम मन पराउँछु





चित्र ग ८

# गण्डकी प्रदेश

यस प्रदेशमा पनि पुरुषहरूको सहभागिता बढी थियो। तर यो संख्या ८० प्रतिशतको राष्ट्रिय औसतभन्दा गण्डकी प्रदेशमा १० प्रतिशतले कम अर्थात ७० प्रतिशत रहेको थियो। महिला सहभागिताको राष्ट्रिय औसत १९ प्रतिशत रहेकोमा यस प्रदेशबाट भने उच्च अर्थात २९ प्रतिशत रहेको थियो। त्यसैगरी ०.९ प्रतिशत सहभागीले लैङ्गिक पहिचान 'अन्य' उल्लेख गरेका थिए जुन राष्ट्रियरुपमा ०.४ प्रतिशत रहेको थियो।




चित्र घ १




चित्र घ २

गण्डकी प्रदेशमा अनलाइन र छापा माध्यमबाट भएको सहभागितामा थोरै मात्र फरक देखिएको छ। यस प्रदेशबाट ४५ प्रतिशत पत्रकार अनलाइन माध्यमबाट सहभागी थिए जसको राष्ट्रिय औसत ४८ प्रतिशत थियो। रेडियोबाट ४२ प्रतिशत हिस्सा सहभागी थियो जबकि रेडियो सहभागिताको राष्ट्रिय औसत ३० प्रतिशत रहेको थियो। त्यसबाहेक सर्वेक्षणमा सहभागिता जनाउने समाचार एजेन्सीमा कार्यरत पत्रकारको संख्या राष्ट्रिय औसतमा ४ प्रतिशत रहेकोमा यस प्रदेशमा उच्च अर्थात ६ प्रतिशत थियो।

## पत्रकारलाई परेको असर

देशव्यापीरुपमा भन्दा यस प्रदेशमा पत्रकारहरूलाई महाव्याधिको असर तुलनात्मकरुपमा कम देखिएको छ। बढ्दो जोखिम महसुस गर्नेहरूको संख्या राष्ट्रिय औसतमा ८३ प्रतिशत रहेकोमा यस प्रदेशमा ७९ प्रतिशत रहेको छ। त्यस अलाबा, चिन्ता बढेको महसुस गर्नेहरूको हिस्सा पनि राष्ट्रियरुपमा ७५ प्रतिशत रहेकोमा यस प्रदेशमा ६४ प्रतिशत रहेका छन्।


## समाचार संकलन अभ्यास

राष्ट्रियरुपमा आएका प्रतिक्रियासँग गण्डकी प्रदेशका पत्रकारहरूको अनुभव पनि मिल्दोजुल्दो रहेको छ। राष्ट्रिय औसतमा ५९ प्रतिशत सहभागीले घरैबाट समाचार संकलन गर्दैआएको उल्लेख गरेका थिए भने यस प्रदेशमा ५१ प्रतिशतले समाचार घरमै बसेर तयार पार्नेगरेको उल्लेख गरेका छन्।

त्यसैगरी श्रव्य तथा श्रव्यदृश्य लिंकबाट अन्तरवार्ता लिनेहरू यस प्रदेशमा ७० प्रतिशत रहेका थिए। यसको राष्ट्रिय औसत भने ७२ प्रतिशत रहेको थियो।

## समाचार माध्यम र सामग्रीमा आएको परिवर्तन

अन्य प्रदेशजस्तै गण्डकीमा पनि छापा माध्यम प्रकाशनको आवृत्ति (फ्रिक्वेन्सी) र पृष्ठ घट्नुका साथै श्रव्य, श्रव्यदृश्य तथा प्रसारण सामग्रीको उत्पादन पनि घटेको पाइएको छ। छापा माध्यमको उत्पादन यस प्रदेशमा राष्ट्रिय




*चित्र घ ३*

औसतको भन्दा अलि नकारात्मक रहेको सहभागीको प्रतिक्रियाले देखाएको छ। राष्ट्रिय रुपमा छापा माध्यमको प्रकाशन आवृत्ति घटेको उल्लेख गर्नेहरू ४८ प्रतिशत रहेकोमा यस प्रदेशमा ५५ प्रतिशत पाइएको छ।

## समाचार संस्थाबाट सहयोग


हामीले सर्वेक्षण गरेका सबै क्षेत्रमा समाचार संस्थाबाट सहयोग प्राप्त गर्ने पत्रकारहरूको संख्या राष्ट्रिय औसतको तुलनामा गण्डकी प्रदेशमा थोरै रहेको छ। उदाहरणको रुपमा काम गर्ने समयमा सहुलियत पाएको उल्लेख गर्नेहरू यस प्रदेशमा ४९ प्रतिशत थिए भने यसको राष्ट्रिय औसत ५६ प्रतिशत रहेको थियो। त्यसैगरी परिवारको हेरचारका लागि समय प्राप्त गरेकोमा सहमति वा पूर्ण असहमति जनाउने सहभागीको संख्या राष्ट्रिय औसतमा ३१ प्रतिशत रहेकोमा यस प्रदेशमा ३८ प्रतिशतमा उक्लिएको थियो।

## तालिमको आवश्यकता

राष्ट्रिय तहमा देखिएजस्तै तालिमका सबै विषयहरू यस प्रदेशका पत्रकारहरूको रुचिमा परेका छन्। जस्तै खोज अनुसन्धानमूलक पत्रकारितामा तालिम चाहनेहरू राष्ट्रिय औसतमा ८७ प्रतिशत थिए भने यस प्रदेशबाट ९५ प्रतिशत रहेका छन्। सम्पादकीय तयारी र सम्पादकीय रणनीतिमा तालिम चाहने पत्रकारहरू ८९ प्रतिशत रहेका थिए। राष्ट्रिय औसतमा सम्पादकीय तयारी र सम्पादकीय रणनीतिमा तालिम चाहनेहरू ७९ प्रतिशत थिए।


राष्ट्रिय औसत अंकको तुलनामा यस प्रदेशमा भौतिक उपस्थितिमै कार्यशाला चाहनेहरूको संख्या बढी रहको छ। राष्ट्रिय औसतमा हेर्दा ६८ प्रतिशतले भौतिक उपस्थितिमा कार्यशाला रुचाएका छन् भने यस प्रदेशबाट ८२ प्रतिशतले भौतिक उपस्थितिमै कार्यशाला रुचाएका छन्। त्यसैगरी ८३ प्रतिशतले अनलाइन वेबसाइट सामग्री छनोट गरेका छन् जुन राष्ट्रिय औसत (७८ प्रतिशत) को तुलनामा बढी हो।

गण्डकी प्रदेश - तपाईंले गर्ने समाचार संकलन÷उत्पादन अभ्यासमा कस्तो परिवर्तन आएको छ?





चित्र घ ४

## गण्डकी प्रदेश - समाचार संस्थाले तपाईलाई कोभिड–१९ सँग सम्बन्धित निम्नअनुसारको कुनै सहयोग गरेको छ?





चित्र घ ५

### गण्डकी प्रदेश - के तपाई कार्यरत समाचार संस्थाले कोभिड–१९ महाव्याधि देखा परेपछि निम्न कुराहरुमा केही परिवर्तन गरेको छ?





चित्र घ ६

### गण्डकी प्रदेश - निम्न विधामा तालिम प्रदान गरिएको खण्डमा व्यक्तिगतरूपमा म त्यसको स्वागत गर्दछु




चित्र घ ७


### गण्डकी प्रदेश - पत्रकारिता तालिमका लागि म निम्न माध्यम मन पराउँछु





चित्र घ ८

# प्रदेश नम्बर ५

प्रदेश नम्बर ५ मा पनि पुरुषहरूको सहभागिता अधिक थियो । यस प्रदेशमा पुरुष सहभागीको संख्या ८६ प्रतिशत रहेको थियो भने महिलाहरूको सहभागिता १४ प्रतिशत थियो । यस प्रदेशबाट लैङ्गिक पहिचान 'अन्य' उल्लेख गर्नेहरूको संख्या शुन्य पाइयो ।




*चित्र ङ १*




*चित्र ङ २*

प्रदेश नम्बर ५ बाट सहभागी पत्रकाहरू अधिक परिमाण अर्थात ४९ प्रतिशत अनलाइन माध्यममा कार्यरत थिए । अनलाइनमा कार्यरत पत्रकारहरू राष्ट्रिय औसत ४८ प्रतिशत थियो । सहभागीको दोस्रो ठूलो हिस्सा रेडियोबाट ४८ प्रतिशत रहेको थियो जुन राष्ट्रिय औसत (३० प्रतिशत) को तुलनामा बढी हो । सहभागिताको दृष्टिले प्रदेश नम्बर ५ मा छापा माध्यम ४२ प्रतिशतका साथमा तेस्रो माध्यमको रुपमा रहेको छ जसको राष्ट्रिय औसत भने ४१ प्रतिशत थियो ।

## पत्रकारलाई परेको असर

महाव्याधिले पत्रकाहरूलाई प्रदेश नम्बर ५ मा पारेको असर धेरै हदसम्म राष्ट्रिय प्रवृत्तिअनुरुप नै देखिएको छ । महाव्याधिले बद्दो जोखिम बढाएकोमा सहमत वा पूर्ण सहमत हुनेहरू ८७ प्रतिशत रहेका थिए जुन राष्ट्रिय औसतमा ८३ प्रतिशत थियो । त्यसैगरी बढ्दो चिन्ता महसुस गर्नेहरू राष्ट्रिय औसतमा ७५ प्रतिशत रहेकोमा यस प्रदेशबाट ७८ प्रतिशत रहेको थियो भने सबैभन्दा उल्लेखनीय पक्ष आर्थिक कठिनाइ महसुस गर्नेहरू यस प्रदेशबाट ८७ प्रतिशत थिए जबकि आर्थिक कठिनाइको राष्ट्रिय औसत ७४ प्रतिशत रहेको थियो ।


## समाचार संकलन अभ्यासमा आएको परिवर्तन

समाचार संकलनको अभ्यासबारे सोधिएका प्रश्नमा सहमति व्यक्त गर्ने सहभागीको संख्या प्रदेश नम्बर ५ मा उल्लेख्य रहेको थियो । जस्तै फोटो र भिडियोको लागि मोबाइल फोन प्रयोग बढेको उल्लेख गर्नेहरू ९० प्रतिशत रहेका थिए । यस्तो बताउनेहरूको हिस्सा राष्ट्रिय औसतमा ८३ प्रतिशत रहेको थियो । त्यसबाहेक इन्टरनेटमा आधारित खोजअनुसन्धान गरेकोमा सहमत हुनेहरू ९० प्रतिशत थिए जसको राष्ट्रिय औसत ८२ प्रतिशत थियो ।

## सामाचार माध्यम/सामग्रीमा आएको परिवर्तन

महाव्याधिका कारण समाचार सामग्रीको उत्पादन र वितरणमा आएको बाधाको प्रवृत्तिलाई हेर्दा प्रदेश नम्बर

प्रदेश नम्बर ५ - निम्न विषयहरुमा तपाईंको कस्तो अनुभव रहेको छ, मूल्यांकन गर्नुहोस्




*चित्र ङ ३*

पाँचको अवस्था पनि अन्य प्रदेशसँग मिल्दोजुल्दो रहेको छ। महाव्याधिका कारण छापा माध्यमको प्रकाशन समय (फ्रिक्वेन्सी) घटेको ५३ प्रतिशत उत्तरदाताले बताएका थिए भने ५१ प्रतिशतले छापा माध्यमको पृष्ठ घटेको उल्लेख गरेका थिए। त्यसैगरी ३७ प्रतिशत उत्तरदाताले प्रसारण सामग्रीको उत्पादन घटेको बताएका थिए।

## समाचार संस्थाबाट सहयोग


सोधिएका सबै विषयमा समाचार संस्थाबाट सहयोग प्राप्त गरेकोमा सहमत हुनेहरू उत्तरदाताहरूको हिस्सा प्रदेश नम्बर ५ मा उल्लेखनीय थियो। काम गर्ने समयमा समाचार संस्थाबाट लचकता प्रदान गरिएकोमा ६८ प्रतिशत सहभागीहरू सहमत थिए जुन राष्ट्रिय औसत (५६ प्रतिशत) भन्दा बढी हो। त्यसैगरी परिवारको हेरचाहका लागि समय प्राप्त गरेकोमा सहमति जनाउनेहरू ५९ प्रतिशत थिए जबकि राष्ट्रिय औसतमा यो ४६ प्रतिशत रहेको थियो।

## तालिमको आवश्यकता

तालिमको विषयबस्तुबारे प्रदेश नम्बर ५ मा पनि मिल्दोजुल्दो प्रतिक्रिया आएको थियो। ८९ प्रतिशत सहभागीहरूले नयाँ प्रविधिबारे तालिम हुनुपर्नेमा सहमति वा पूर्ण सहमति व्यक्त गरेका थिए भने ८८ प्रतिशतले खोज अनुसन्धानमूलक रिपोर्टिङ र ८५ प्रतिशतले भौतिक सुरक्षाको विषयमा तालिम हुनुपर्ने उल्लेख गरेका थिए।


अनलाइन वेबसाइट सामग्रीका माध्यमबाट तालिम लिन चाहनेहरूको संख्या राष्ट्रिय औसत (७८ प्रतिशत) भन्दा प्रदेश नम्बर ५ मा बढी अर्थात ८४ प्रतिशत रहेको थियो। त्यसैगरी भौतिक उपस्थितिमै हुने कार्यशाला रुचाउने उत्तरदाताहरू ७३ प्रतिशत रहेका थिए भने पोडकास्ट ४८ प्रतिशतको छनौटमा परेको थियो।

### प्रदेश नम्बर ५ - तपाईंले गर्ने समाचार संकलन÷उत्पादन अभ्यासमा कस्तो परिवर्तन आएको छ?





चित्र ङ ४

### प्रदेश नम्बर ५ - समाचार संस्थाले तपाईंलाई कोभिड–१९ सँग सम्बन्धित निम्नअनुसारको कुनै सहयोग गरेको छ?





चित्र ङ ५

प्रदेश नम्बर ५ - के तपाई कार्यरत समाचार संस्थाले कोभिड–१९ महाव्याधि देखा परेपछि निम्न कुराहरुमा केही परिवर्तन गरेको छ?





चित्र ङ ६

प्रदेश नम्बर ५ - निम्न विधामा तालिम प्रदान गरिएको खण्डमा व्यक्तिगतरूपमा म त्यसको स्वागत गर्दछु




चित्र ङ ७


प्रदेश नम्बर ५ - पत्रकारिता तालिमका लागि म निम्न माध्यम मन पराउँछु





चित्र ङ ८

# कर्णाली प्रदेश

कर्णाली प्रदेशमा पुरुषहरूको उल्लेख्य सहभागिता रहेको थियो। पुरुष सहभागिताको राष्ट्रिय औसत ८० प्रतिशत रहेकोमा यस प्रदेशबाट त्योभन्दा ४ प्रतिशत बढी अर्थात ८४ प्रतिशतको सहभागिता रहेको थियो। त्यसैगरी महिलाहरूको सहभागिता १७ प्रतिशत रहेको थियो। महिला सहभागिताको राष्ट्रिय औसत भने १९ प्रतिशत रहेको थियो। लैंङ्गिक पहिचान 'अन्य' उल्लेख गर्ने शुन्य थिए।




चित्र च १




चित्र च २

मिडियाको प्रकारअनुसार सहभागीहरूको प्रतिनिधित्व देशव्यापी प्रवृत्तिसँग मिल्दोजुल्दो नै थियो। ४१ प्रतिशत सहभागीहरूले आफू अनलाइन माध्यममा कार्यरत रहेको उल्लेख गरेका थिए। अनलाइनमा कार्यरत पत्रकारहरूको सहभागिता राष्ट्रिय औसतमा ४८ रहेको थियो। यस प्रदेशमा छापा माध्यमबाट दोस्रो ठूलो (३६ प्रतिशत) सहभागिता रहेको थियो जसको राष्ट्रिय औसत भने ४१ प्रतिशत थियो। त्यसबाहेक रेडियोबाट प्रतिनिधित्व राष्ट्रिय औसतकै बराबरीमा अर्थात ३० प्रतिशत थियो।

## पत्रकारलाई परेको असर

आर्थिक कठिनाइ महसुस गर्ने पत्रकारहरूको संख्या राष्ट्रिय औसतभन्दा कर्णाली प्रदेशमा ५ प्रतिशतले बढी अर्थात ७९ प्रतिशत रहेको छ। साथै, चरम निराशा महसुस गर्नेहरूहरूको संख्या पनि राष्ट्रिय औसत २५ प्रतिशत रहेकोमा यस प्रदेशमा त्योभन्दा बढी अर्थात ३७ प्रतिशत रहेको थियो।


## समाचार संकलनमा आएको परिवर्तन

समाचार संकलनको अभ्यासमा पनि यस प्रदेशमा राष्ट्रिय प्रवृत्ति नै प्रतिबिम्वित भएको छ जसमा तस्वीर तथा भिडियोका लागि फोनको प्रयोग बढेको, समाचारका लागि सरकारी स्रोतमा भर पर्नुपरेको, सामाजिक मिडियाको प्रयोग बढेको जस्ता नतिजा आएका छन्। राष्ट्रिय प्रवृत्तिभन्दा फरक उल्लेखनीय पक्ष चाहिं यस प्रदेशमा आर्थिक कठिनाइका कारण खोजमूलक समाचार तयार पार्न नसकेको उल्लेख गर्नेहरूको संख्या ७५ प्रतिशत छ जुन राष्ट्रिय औसतभन्दा बढी हो। यसको राष्ट्रिय औसत ६४ प्रतिशत रहेको थियो।

## सञ्चार माध्यम र सामग्रीमा आएको परिवर्तन

कर्णाली प्रदेशमा कोभिड-१९ महाव्याधिले सञ्चार माध्यम/सामग्रीमा ल्याएको परिवर्तन राष्ट्रिय प्रवृत्तिसँग मिल्दोजुल्दो छ। उत्तरदाताहरूले सञ्चार सामग्रीमा उल्लेखनीय रुपले घटेको बताएका छन्। प्रसारण माध्यममा कार्यरत ४२ प्रतिशत पत्रकारले प्रसारण सामग्रीको उत्पादन घटेको बताएका छन् भने ५० प्रतिशतले श्रव्यदृश्य

कर्णाली प्रदेश - निम्न विषयहरुमा तपाईंको कस्तो अनुभव रहेको छ, मूल्यांकन गर्नुहोस्




*चित्र च ३*

सामग्रीको उत्पादन घटेको उल्लेख गरेका छन् । तर छापा माध्यमको प्रकाशनको आवृत्ति (फ्रिक्वेन्सी) र पृष्ठ घटेको उल्लेख गर्नेहरूको संख्या ३१ प्रतिशत रहेको छ जुन देशव्यापी औसत (४८ प्रतिशत) भन्दा कम हो ।


## समाचार संस्थाबाट सहयोग

देशव्यापी औसत ३८ प्रतिशतको तुलनामा यस प्रदेशमा ४६ प्रतिशत उत्तरदाताले आफू कार्यरत संस्थाबाट सामाजिक सहयोग प्राप्त भएको बताएका थिए । त्यसबाहेक अन्य खालका सहयोग भने कमै प्राप्त भएको उत्तरदाताको प्रतिक्रियाले देखाएको छ । उदाहरणको लागि राष्ट्रिय औसतमा हेर्दा ५६ प्रतिशत उत्तरदाताले आफू कार्यरत संस्थाले काम गर्ने समय अविधमा लचकता प्रदान गरेको बताएका थिए भने यस प्रदेशका ३९ प्रतिशत उत्तरदाताले मात्र यस्तो प्रतिक्रिया दिएका थिए । मनोवैज्ञानिक परामर्श पाएकोमा ३३ प्रतिशत असहमत र १८ प्रतिशत पूर्ण असहमत गरी ५१ प्रतिशतले मनोवैज्ञानिक परामर्श नपाएको बताएका छन् जुन राष्ट्रिय औसत (२७ असहमत, १९ पूर्ण असहमत गरी ४६ प्रतिशत) को तुलनामा बढी हो ।

## तालिमको आवश्यकता


कर्णाली प्रदेशमा तालिमका विषयवस्तुको छनोट राष्ट्व्यापी नतिजासँग मिल्दोजुल्दो छ । मुख्य फरक भने सम्पादकीय तयारी र सम्पादकीय रणनीतिको क्षेत्रमा रहेको छ । यस प्रदेशका ६९ प्रतिशत उत्तरदाताले सम्पादकीय तयारी र सम्पादकीय रणनीतिको विषयमा तालिम भए त्यसको स्वागत गर्ने बताएका छन् । यसको राष्ट्रिय औसत ७९ प्रतिशत रहेको थियो । यही विषयमा असहमति प्रकट गर्ने कर्णाली प्रदेशमा १७ प्रतिशत थिए भने देशव्यापीरुपमा ९ प्रतिशत रहेका थिए । यस प्रदेशमा सबैभन्दा रुचाइएको तालिमको माध्यम वेबसाइट सामग्री देखिएको छ । ८० प्रतिशत उत्तरदाताको रोजाइमा वेबसाइट सामग्रीमार्फत सञ्चालन हुने तालिम रहेको छ । भौतिक उपस्थितिमै कार्यशाला रुचाउनेहरूको हिस्सा ७६ प्रतिशत रहेको छ भने भिडियो वेबिनार ७१ प्रतिशतले छनोट गरेका छन् । पोडकास्ट भने सबैभन्दा कम सहभागीको छनोटमा परेको छ । पोडकास्ट विधिमा ४८ प्रतिशतले सहमति व्यक्त गरेका छन् ।

कर्णाली प्रदेश - तपाईंले गर्ने समाचार संकलन÷उत्पादन अभ्यासमा कस्तो परिवर्तन आएको छ?





*चित्र च ४*

कर्णाली प्रदेश - समाचार संस्थाले तपाईलाई कोभिड–१९ सँग सम्बन्धित निम्नअनुसारको कुनै सहयोग गरेको छ?





*चित्र च ५*

कर्णाली प्रदेश - के तपाईं कार्यरत समाचार संस्थाले कोभिड–१९ महाव्याधि देखा परेपछि निम्न कुराहरुमा केही परिवर्तन गरेको छ?





चित्र च ६

कर्णाली प्रदेश - निम्न विधामा तालिम प्रदान गरिएको खण्डमा व्यक्तिगतरूपमा म त्यसको स्वागत गर्दछु




चित्र च ७


कर्णाली प्रदेश - पत्रकारिता तालिमका लागि म निम्न माध्यम मन पराउँछु





चित्र च ८

# सुदूरपश्चिम

सुदूरपश्चिम प्रदेशमा पनि महिलाको तुलनामा पुरुषहरूको सहभागिता नै बढी छ। पुरुष सहभागिताको राष्ट्रिय औसत ८० प्रतिशत रहेकोमा यस प्रदेशबाट ८२ प्रतिशत सहभागिता रहेको थियो भने महिला सहभागिता राष्ट्रिय औसत (१९ प्रतिशत) भन्दा कम अर्थात १५ प्रतिशत मात्र थियो। यस प्रदेशमा 'अन्य' समूहबाट सबैभन्दा उच्च अर्थात ०.४ प्रतिशत सहभागिता रहेको थियो।




चित्र छ १




चित्र छ २

सञ्चार माध्यमअनुसार सहभागीहरूको प्रतिनिधित्व सुदूरपश्चिम प्रदेशको नतिजा राष्ट्रिय औसतसँग मिल्दोजुल्दो नै रहेको छ जहाँ धेरै उत्तरदाताहरूले अनलाइन माध्यमबाट प्रतिनिधित्व गरेका छन्। सहभागीको हिस्सा अनलाइन सबैभन्दा धेरै रहेको थियो। सुदूरपश्चिम र देशभर दुवैमा ४८ प्रतिशत अनलाइन माध्यमबाट सहभागिता रहेको थियो भने छापा माध्यमबाट राष्ट्रिय औसत (४१ प्रतिशत) भन्दा धेरै अर्थात ४६ प्रतिशत सहभागिता रहेको थियो। त्यस अलाबा रेडियोबाट तेस्रो ठूलो हिस्सा (३५ प्रतिशत) को सहभागिता रहेको थियो जसको राष्ट्रिय औसत भने ३० प्रतिशत रहेको थियो।

## पत्रकारलाई परेको असर

सुदूरपश्चिममा बढ्दो जोखिम महसुस गर्ने उत्तरदाताको संख्या राष्ट्रिय औसत (८३ प्रतिशत) भन्दा ६ प्रतिशत कम रहेको थियो भने चिन्ता बढेको उल्लेख गर्नेहरू राष्ट्रिय औसत (७५ प्रतिशत) भन्दा ९ प्रतिशतले बढी थिए।


## समाचार संकलन अभ्यासमा आएका परिवर्तन

इन्टरनेटमा आधारित खोजअनुसन्धान बढेको उल्लेख गर्ने पत्रकारहरूको संख्या पत्रकारलाई परेको देशव्यापी नतिजाको तुलनामा कम रहेको पाइयो। इन्टरनेटमा आधारित खोजअनुसन्धान बढेको विकल्पमा यस प्रदेशबाट ६७ प्रतिशतले सहमति देखाएका थिए जबकि यसको राष्ट्रिय औसत ८३ प्रतिशत रहेको थियो। त्यसबाहेक, मोबाइल फोनबाट भिडियो तथा तस्वीर लिने क्रम बढेको बताउनेहरूको संख्या पनि राष्ट्रिय औसत (८३ प्रतिशत) भन्दा कम अर्थात ७५ प्रतिशत रहेको थियो। त्यसैगरी सामाजिक मिडियाका सामाग्री प्रयोग गर्नेहरूको हिस्सा ७३ प्रतिशत रहेको थियो जसको राष्ट्रिय औसद ८० प्रतिशत थियो। त्यसबाहेक आर्थिक कठिनाइका कारण खोजअनुसन्धानमूलक स्टोरी गर्न बाधा सिर्जना भएको उल्लेख गर्नेको संख्या भने यस प्रदेशमा राष्ट्रिय औसत (६४ प्रतिशत) भन्दा बढी अर्थात ६९ प्रतिशत रहेको थियो।

## समाचार सामग्री/माध्यममा आएको परिवर्तन

सुदूरपश्चिमका सञ्चार माध्यमको अवस्था पनि देशव्यापीरुपमा देखिएको प्रवृत्तिसँग मिल्दोजुल्दो रहेको छ। सबै खाले सञ्चार माध्यममा समाचार सामग्रीको उत्पादन घटेको नतिजाले देखाएको छ।

सुदूरपश्चिम प्रदेश - निम्न विषयहरुमा तपाईंको कस्तो अनुभव रहेको छ, मूल्यांकन गर्नुहोस्




*चित्र छ ३*

सबैभन्दा नराम्रो असर भने प्रसारण माध्यममा देखिएको छ। यस प्रदेशका ५० प्रतिशत उत्तरदाताले प्रसारण सामग्री घटेको उल्लेख गरेका छन् जबकि यसको राष्ट्रिय औसत ४३ प्रतिशत रहेको छ। छापा माध्यममा पनि महाव्याधिको असर देखिएको छ। यस प्रदेशका ५८ प्रतिशत छापा पत्रकारले छापा माध्यमको प्रकाशनको आवृत्ति (फ्रिक्वेन्सी) कम भएको उल्लेख गरेका छन्। यस्तो अनुभव गर्नेहरूको राष्ट्रिय औसत भने ४८ प्रतिशत रहेको छ।

## समाचार संस्थाबाट सहयोग


सुदूरपश्चिम प्रदेशमा आफू कार्यरत समाचार संस्थाबाट सहयोग पाउने पत्रकारहरूको संख्या अन्य प्रदेशको तुलनामा राम्रो रहेको उत्तरदाताको प्रतिक्रियाले देखाएको छ। यस प्रदेशका ४२ प्रतिशत उत्तरदाताले मनोवैज्ञानिक परामर्श प्राप्त गरेकोमा सहमति जनाएका थिए, जबकि यसको देशव्यापी औसत २९ प्रतिशत रहेको थियो। त्यसैगरी समस्यासँग जुध्ने संयन्त्रबारे मार्गदर्शन प्राप्त गर्नेहरूको संख्या ५५ प्रतिशत रहेको थियो जुन राष्ट्रिय औसत ४१ प्रतिशतमा सीमित रहेको थियो।

## तालिमको आवश्यकता

आवश्यक तालिमको क्षेत्रबारे उत्तरतादाताहरूको रोजाई मिश्रित खालको रहेको छ। यस प्रदेशका ३० प्रतिशतले डिजिटल सुरक्षासम्बन्धी तालिम प्राप्त भएमा त्यसको स्वागत गर्ने बताएका छन्, जसको राष्ट्रिय औसत ४० प्रतिशत रहेको छ भने ३७ प्रतिशतले खोज-अनुसन्धानमूलक रिपोर्टिङसम्बन्धी तालिम रुचाएका छन् जसको राष्ट्रिय औसत ४७ प्रतिशत रहेको छ।


तालिमको माध्यमका सन्दर्भमा पनि सुदूरपश्चिमका उत्तरदाताहरूको मत देशव्यापी प्रवृत्तिअनुरुप नै देखिएको छ। उत्तरदाताको ठूलो हिस्सा अर्थात ७६ प्रतिशतले अनलाइन सामग्री रुचाएको छ भने भिडियो वेबिनार ६९ प्रतिशतको छनोटमा परेको छ। ७१ प्रतिशतले आफ्नै प्रदेशमा भौतिक उपस्थितिमै तालिम लिन चाहेको प्रतिक्रिया दिएका छन्। काठमाडौंमा भौतिक उपस्थितिमा तालिम लिन रुचाउनेहरू ५७ प्रतिशत रहेका छन् भने पोडकास्ट ४८ प्रतिशतको छनोटमा परेको छ।

## सुदूरपश्चिम प्रदेश - तपाईंले गर्ने समाचार संकलन÷उत्पादन अभ्यासमा कस्तो परिवर्तन आएको छ?





*चित्र छ ४*

## सुदूरपश्चिम प्रदेश - समाचार संस्थाले तपाईलाई कोभिड–१९ सँग सम्बन्धित निम्नअनुसारको कुनै सहयोग गरेको छ?





*चित्र छ ५*

सुदूरपश्चिम प्रदेश - के तपाईं कार्यरत समाचार संस्थाले कोभिड–१९ महाव्याधि देखा परेपछि निम्न कुराहरुमा केही परिवर्तन गरेको छ?





चित्र छ ६

सुदूरपश्चिम प्रदेश - निम्न विधामा तालिम प्रदान गरिएको खण्डमा व्यक्तिगतरूपमा म त्यसको स्वागत गर्दछु




चित्र छ ७

सुदूरपश्चिम प्रदेश - पत्रकारिता तालिमका लागि म निम्न माध्यम मन पराउँछु




चित्र छ ८